

# नेपालमा अपाङ्गता भएका युवा महिलाहरूको रोजगारको स्थितिसम्बन्धी एक अध्ययन

एक्सेस प्लानेट संस्था

साझेदार: बिल एंड मेलिंडा गेट्स फाउंडेशन

नेपालमा अपाङ्गता भएका युवा महिलाहरूको रोजगारको स्थितिसम्बन्धी एक अध्ययन
प्रकाशन मितिः २०७८ कार्तिक २

यो प्रतिवेदन २० मे देखि १० अगस्त २०२१ को बीचमा प्राप्त भएका जानकारीका आधारमा तयार पारिएको हो । आर्क प्राइभेट लिमिटेडले एक्सेस प्लानेट संस्थाको लागि यो अनुसन्धान परियोजना गरेको हो । आर्क प्राइभेट लिमिटेड, काठमाडौँस्थित एक अनुसन्धान र परामर्श कम्पनी हो । यो एक अनुसन्धानमा आधारित प्रतिवेदन हो । यसले कुनै दाता तथा अन्य सम्बन्धित सरोकारवालाको विचारलाई प्रतिनिधित्व गर्दैन ।

तयारकर्ता :
आर्क प्राइभेट लिमिटेड, काठमाडौँ

अनुसन्धान समूह :
राजीब तिमल्सिना, मुख्य अनुसन्धानकर्ता
प्रमिला बिसुंके, अनुसन्धानकर्ता
सम्झना बलामी, अनुसन्धान सहायक
प्रतिभा अधिकारी, अनुसन्धान सहायक
शर्मिला तिमल्सिना, अनुसन्धान सहायक
जुही अधिकारी, अनुसन्धान सहायक
दीपसागर पन्त, भाषा सम्पादन
आमोघ धाख्वा, ग्राफिक डिजाइनर

# धन्यवाद ज्ञापन !

यो अनुसन्धान प्रतिवेदन तयार गर्ने क्रममा हामीलाई धेरै व्यक्तिले सहयोग गर्नुभएको छ । उनीहरू सबैलाई हामी आभार प्रकट गर्न चाहन्छौँ । सर्वप्रथम यस अनुसन्धानमा सहभागी हुनुहुने २४२ जना उत्तरदाता र अन्य ४७ जना सरोकारवालाले पुर्याउनु भएको सहयोगको हामी सराहना गर्दछौँ । जसले हामीलाई आफ्नो व्यस्त समय र अन्तरदृष्टि प्रदान गर्नु भएको छ । 'नेपालमा अपाङ्गता भएका युवा महिलाहरूको रोजगारको स्थितिसम्बन्धी एक अध्ययन' शीर्षकको यो अनुसन्धान प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनले नेपालको प्रदेश १, बागमती र लुम्बिनी प्रदेशका २२ देखि ३० वर्षउमेर समूहका अपाङ्गता भएका युवा महिलाहरूको रोजगारको स्थिति र कोभिडले उनीहरूको दैनिकीमा पारेको प्रभावको आँकलन गर्न मदत गर्छ ।

हामी डा. वीरेन्द्रराज पोखरेल (अपाङ्गता अधिकार विशेषज्ञ), क्षितिज बस्नेत (निर्देशक, स्ट्रीट चाइल्ड अफ नेपाल), नीरा अधिकारी (अपाङ्गता अधिकार विशेषज्ञ), राजु बस्नेत (राष्ट्रिय अपाङ्ग महासंघ), टीका दाहाल (अपाङ्गता अधिकार विशेषज्ञ), रजत राई किराँती, पवित्र गौतम (सीइओ, कारखाना), रीता बारामू (कार्यक्रम प्रबन्धक, बडी एण्ड डाटा), दीक्षा सिंह (प्रबन्धक, कुमारी बैंक), नेत्र पौडेल (शिक्षा अधिकारी, महालक्ष्मी नगरपालिका), आरती रौनियार, गंगाराम गौतम (निर्देशक, दूर तथा खुल्ला शिक्षा, त्रिभुवन विश्वविद्यालय) र कामना सेवा विकास बैंकका साथीहरूप्रति निकै नै आभारी छौँ । उनीहरूले हामीलाई कोभिड १९ को कठिन परिस्थितिमा पनि आवश्यक जानकारी सङ्कलन गर्न धेरै नै मदत गर्नु भएको छ । हामी एक्सेस प्लानेट संस्थाका लक्ष्मी नेपाल, गार्गी नेपाल, नीलु महर्जन र सृजना ढकालप्रति सहयोगका लागि कृतज्ञ छौँ ।

अनुसन्धान समूह

# विषय सूची


| | |
|---|---|
| १. परिचय | १ |
| १.१ सन्दर्भ | १ |
| १.२ अनुसन्धानको उद्देश्य तथा क्षेत्र | ३ |
| १.३ अध्ययन प्रक्रिया र पद्धति | ३ |
| २.१ प्रकाशित सामाग्रीको समीक्षा | ५ |
| २.२ सरोकारवालाहरूसँगको अन्तर्वार्ता र छलफलको नतिजा | ७ |
| २.३ अपाङ्गता भएका युवा महिलाहरूसँगको सर्वेक्षण नतिजा | १० |
| २.४ अपाङ्गता भएका युवा महिलाहरूमा कोभिड महामारीको प्रभाव | १७ |
| ३. अनुसन्धानका प्रमुख नतिजा | १८ |
| ४. निष्कर्ष | २६ |
| ५. सुझाव | २८ |
| सन्दर्भसामग्री | ३१ |

# ०१ परिचय

## १.१ सन्दर्भ

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (UNCRPD) ले अपाङ्गता भएका सबै व्यक्तिहरूको समान अधिकार सुनिश्चित गर्दछ, चाहे उनीहरू जुनसुकै राष्ट्रियता, लिङ्ग, धर्म, भाषा या अन्य जुनसुकै मापदण्डका होउन् । यस महासन्धिका हस्ताक्षरकर्ता देशहरूले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि अनुसार अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानून बनाउने अपेक्षा गरिएको छ । उदाहरणका लागि भारतमा अपाङ्गता भएका व्यक्तिको अधिकार ऐन, २०१६, बेलायतमा समानतासम्बन्धी ऐन, २०१० र नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०१७ लाई लिन सकिन्छ । अपाङ्गता भएका मानिसहरूको सामान्य स्थिति देशअनुसार फरक फरक हुन्छ । विशेष गरी विकासशील र गरीब देशहरूमा अपाङ्गता भएका व्यक्तिको समग्र स्थितिमा सुधार गर्नका लागि अझै पनि धेरै काम गर्नुपर्ने देखिन्छ ।

विश्व स्वास्थ्य संगठन र विश्व बैंकद्वारा प्रस्तुत गरिएको अपाङ्गतासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवेदन (२०११) मा अपाङ्गतालाई मानव अस्तित्वको एक निहित विशेषताको रूपमा परिभाषित गरिएको छ । सबै मानिस आफ्नो जीवनको कुनै कालखण्डमा कुनै न कुनै रुपमा स्थायी वा क्षणिक समयका लागि अपाङ्ग हुन सक्छन् । अपाङ्गता दृश्यात्मक वा अदृश्य दुवै हुन सक्छ र यसको सुरुवात जन्मिँदा, शिशुकालमा, काम गर्ने वर्षका दौरान वा बुढेसकालमा पनि हुन सक्छ । विभिन्न स्थानीय वा राष्ट्रिय कानूनले अपाङ्गतालाई फरक ढङ्गले परिभाषित गर्दछन्, त्यसैले अपाङ्गता भएका व्यक्तिको परिभाषा ठाउँअनुसार फरक हुन्छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारका सम्बन्धमा संयुक्त राष्ट्र संघको महासन्धिले प्रस्ट पार्ने कार्य गरेको छ । संघका अनुसार अपाङ्गता भएका व्यक्ति त्यस्ता व्यक्ति हुन् जसलाई दीर्घकालिन रूपमा शारीरिक, मानसिक, बौद्धिकलगायतका अतिरिक्त बाधाहरूले समाजमा अरु सामान्य व्यक्तिसरह त्यस स्तरमा पूर्ण र प्रभावकारी ढङ्गले भाग लिनबाट रोकेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०१७ ले अपाङ्गता भएका व्यक्तिलाई "शारीरीक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता र कार्यगत सीमितता (फङ्सनल इम्पेररमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ भनेर परिभाषित गरेको छ ।

नेपाली सन्दर्भमा हेर्दा नेपालको राष्ट्रिय जनगणना (सन् २०११) ले कुल जनसंख्याको १.९४ प्रतिशतलाई कुनै न कुनै प्रकारको अपाङ्गता भएको बताउँछ । सङ्ख्यागत हिसाबले हेर्दा यसमा करिब ५१३३२१ व्यक्ति पर्न आउँछन् । केन्द्रीय तथ्याङ्क विभागको सन् २०१२ को एउटा प्रतिवेदनले अपाङ्गताको कुल जनसङ्ख्यामध्ये शारीरिक अपाङ्गता भएका व्यक्तिको सङ्ख्या ३६.३ प्रतिशत, दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिको सङ्ख्या १८.५ प्रतिशत, बहिरा र सुस्त श्रवण भएका व्यक्तिको सङ्ख्या १५.४ प्रतिशत, स्वर र बोलाईसम्बन्धी अपाङ्गता भएका व्यक्तिको सङ्ख्या ११.५ प्रतिशत, बहुअपाङ्गता भएका व्यक्तिको सङ्ख्या ७.५ प्रतिशत, मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको सङ्ख्या ६ प्रतिशत, बौद्धिक अपाङ्गता भएका व्यक्तिको सङ्ख्या २.९ प्रतिशत, श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिको सङ्ख्या १.८ प्रतिशत रहेको तथ्याङ्क प्रकाशित गरेको थियो ।

नीतिगत स्तरमा नेपालको संविधान- २०७२ ले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नका लागि सबै नागरिकको सहभागिताको सिद्धान्तको पालना गर्ने जनाएको छ । अर्थ मन्त्रालय (२०७७) ले गरिबी उन्मूलनमा जोड दिएर नेपालमा सकारात्मक नतिजा आइरहेको र गरिबीको रेखामुनि बस्ने जनसंख्या सन् १९९६ मा ४२ प्रतिशत रहेकोमा घटेर सन् २०१९ मा १८.७ प्रतिशतमा पुगेको जनाएको छ । अर्को उल्लेखनीय कुरा के छ भने नेपाल सरकारले सन् २०२२ सम्ममा कम विकसित देशको स्थितिबाट माथिल्लो तहको मध्यम विकसित देशको सूचीमा जाने लक्ष्य तय गरेको छ । हामी

सबैलाई थाहा छ कि सबै जनसंख्याका समूहलाई रोजगारको सुनिश्चिता नगरी संवैधानिक अधिकार तथा नेपाल सरकारको राष्ट्रिय लक्ष्य हासिल गर्न सम्भव छैन । अपाङ्गता भएका व्यक्तिहरू पनि नेपाली जनसंख्याको एक महत्त्वपूर्ण हिस्सा हुन् र राष्ट्रिय आर्थिक गतिविधिमा उनीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । नेपालमा अपाङ्गता भएका व्यक्तिहरूका बारेमा खासै अध्ययन अनुसन्धान तथा उनीहरूको रोजगारीको अवस्थाबारे बहस तथा छलफल भएको पाइँदैन । थुप्रै मिडिया रिपोर्ट तथा प्रकाशनहरूले नेपालमा अपाङ्गता भएका युवा महिलाहरूको काम गर्ने अधिकार र कामको अवस्था समग्र रुपमा सबै महिला वा अपाङ्गता भएका पुरुषहरूको तुलनामा भिन्न रहेको देखाएका छन् । यसबाट के स्पष्ट हुन्छ भने उनीहरूको अवस्था निकै सङ्घर्षपूर्ण रहेको छ ।

विभिन्न प्रकाशनलाई आधार बनाएर हेर्दा अपाङ्गताका बारेमा बुझ्नका लागि विभिन्न किसिमका मोडेल(आयाम) रहेका छन् जसमध्ये निम्न ४ प्रकारका मोडेल बढी चलनचल्तीमा रहेको पाइन्छ ।

| | |
|---|---|
| **परोपकार मोडेल** | अपाङ्गताको परोपकार मोडेलले अपाङ्गता भएका व्यक्तिहरूलाई दयाको वस्तुजस्तै ठान्दछ । साथै हेरचाहको आवश्यकता रहेका निष्क्रिय तथा पीडित व्यक्तिका रूपमा हेर्ने गर्दछ । |
| **चिकित्सा मोडेल** | अपाङ्गताको चिकित्सा वा जैविक मोडेलका अनुसार अपाङ्गता भनेको व्यक्तिको एक समस्या हो र यो कुनै रोग वा दुर्घटना वा स्वास्थ्यमा देखिने अन्य केही समस्याका कारण हुन्छ र यसका लागि उपचार तथा चिकित्सा हेरविचारको आवश्यकता हुन्छ । |
| **सामाजिक मोडेल** | यस मोडेलले अपाङ्गतालाई सामाजिक वातावरणको उत्पादन मान्दछ । अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक वातावरण, व्यवहार, पर्यावरण र संस्थागत सीमाका कारण समाजिक गतिविधिहरूमा पूर्ण सहभागिताबाट वञ्चित गरिएको यस मोडेलले ठान्दछ । यसले समाजको अनुकूलतामा जोड दिन्छ र अपाङ्गता भएका व्यक्तिलाई विभिन्न क्षेत्रमा सहभागिता जनाउँदा आइपर्ने बाधाहरूलाई हटाउनका लागि मनोवृत्ति, अभ्यास र नियमहरूलाई परिवर्तन गरेर समावेशी संरचना निर्माण गर्न सकिन्छ भन्ने मान्यता राख्दछ । तर चिकित्सा विशेषज्ञहरूको जिम्मेवारी तथा आवश्यकता पर्ने भएमा यस मोडेलले उपचारलाई पनि मान्यता दिन्छ । |
| **मानव अधिकार मोडेल** | यो मोडेल मानव अधिकारवादी सिद्धान्तमा आधारित छ । यस्तो खाले अपाङ्गताको मोडेल समाजमा रहेका अन्यायपूर्ण संरचनागत क्रियाकलाप र व्यक्तिका व्यवहार परिवर्तन गर्ने र समानताको अधिकार स्थापित गर्ने प्रयासको तर्कमा आधारित छ । अपाङ्गता भएका व्यक्तिको मानव अधिकारको संरक्षण गरी उनीहरूलाई सामाजिक जीवनमा सम्मानजनक ढङ्गले बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्नु यस मोडेलको मुख्य उद्देश्य हो । |
| **अन्तरक्रियात्मक मोडेल** | उनीहरूको वरिपरि रहेको सामाजिक संरचना तथा प्राकृतिक वातावरणसँग उनीहरूले सामाजिक सम्बन्धका लागि गर्ने अन्तरक्रियात्मक सम्बन्धको उपज हो । कुनै पनि विभेदजन्य परिणाम तथा समस्यालाई अन्तरक्रियामार्फत समाधान पनि गर्न सकिन्छ । यस मोडेलको सबैभन्दा साधारण उपयोग अपाङ्गताको अन्तर्राष्ट्रिय वर्गीकरणमा देख्न सकिन्छ । यस मोडेलमा अपाङ्गतालाई स्वास्थ्य अवस्था र सामाजिक सन्दर्भका बीच हुने नकारात्मक अन्तरक्रियाको परिणामका रूपमा देखिन्छ । जसमा पर्यावरणीय कारक, प्राकृतिक र कृत्रिम वातावरणीय प्रणाली र सार्वजनिक नीतिका साथै व्यक्तिगत कारक जस्तैः उमेर, लिंग, प्रेरणा र आत्म-सम्मानजस्ता विविध पक्षहरूलाई पनि समावेश गरिएको हुन्छ । |

प्रस्तुत अनुसन्धानमा नेपालमा अपाङ्गता भएका युवा महिलाहरूको रोजगारको स्थिति के कस्तो छ भन्ने विषयमा केन्द्रित भएर विभिन्न पक्षबाट त्यसको अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । त्यस्ता महिलाहरूको आर्थिक अधिकारका लागि कानूनी प्रावधान, यस विषयमा रहेका कठिनाइ र अपाङ्गता भएका युवा महिलाहरू रोजगारीको बजारमा प्रवेश गर्न र त्यहाँ निरन्तर संलग्न रहनका लागि देखिएका विभिन्न अवसरहरूको पहिचान गर्ने प्रयास गरिएको छ ।

## १.२ अनुसन्धानको उद्देश्य तथा क्षेत्र

यस अनुसन्धानको मुख्य उद्देश्य २० देखि ३० वर्षसम्मको उमेर समूहका अपाङ्गता भएका युवा महिलाहरूको रोजगारको स्थितिको विश्लेषण गर्नु तथा अपाङ्गता भएका महिलाहरूको आर्थिक क्षमता एवम् रोजगारका क्षेत्रमा पहुँच अभिवृद्धिका लागि रणनीतिक बहस पैरवी गर्न यस विषयमा रहेका कठिनाइ र अवसरको पहिचान गर्ने रहेको छ ।

विशिष्ट उद्देश्यहरूः

- अपाङ्गता भएका युवा महिलाहरूको आर्थिक अधिकारसम्बन्धी कानूनी तथा नीतिगत प्रावधानको अध्ययन गर्न,
- अपाङ्गता भएका युवा महिलाहरूको आर्थिक सहभागिताको वर्तमान स्थिति, कठिनाइ र अवसरको पहिचान गर्न,
- अपाङ्गता भएका युवा महिलाहरूको आर्थिक स्थितिमा कोभिड १९ महामारीले पारेको प्रभाव तथा यसले ल्याएका अवसरबारे अध्ययन गर्न ।

अनुसन्धान समूहले आवश्यक जानकारी सङ्कलन गर्न मुख्यतया निम्न तीन वटा रणनीतिको उपयोग गरेको छः

- अपाङ्गता भएका युवा महिलाहरूको आर्थिक अधिकारमा नीतिगत प्रभावको जाँच गर्नका लागि सरकारी योजना, नीति र बजेटसहितका नीतिगत कागजातको समीक्षा,
- अपाङ्गता भएका युवा महिलाहरूको वर्तमान अवस्थाको अध्ययन गर्नका लागि सर्वेक्षण,
- अपाङ्गता भएका युवा महिलाहरूको आर्थिक सहभागिताको स्थिति, श्रमशक्तिमा प्रवेश गर्ने क्रममा देखा परेका कठिनाइ, आर्थिक अवसरको उपयोगमा देखा परेका अवरोध आदिको पहिचान गर्न सरोकारवालाहरूसँग अन्तर्वार्ता तथा छलफल ।

प्रस्तुत अध्ययन सीमित भौगोलिक दायराभित्र रहेर गरिएको छ जसमा नेपालका तीन प्रदेशअन्तर्गतका जिल्ला लिइएका छन् । अध्ययन गरिएका क्षेत्रअन्तर्गत प्रदेश नं १, बागमती र लुम्बिनी प्रदेश पर्दछन् ।

## १.३ अध्ययन प्रक्रिया र पद्धति

प्रस्तुत अध्ययनमा अनुसन्धान विधिका गुणात्मक र मात्रात्मक दुवै पद्धतिको उपयोग गरी मिश्रित विधि प्रक्रियाको अवलम्बन गरिएको छ । अध्ययनको प्रारम्भिक चरणमा अनुसन्धान टोलीले डेस्क अध्ययन र प्रकाशित सामाग्रीको समीक्षा गरेका छन् । यो प्रकाशित सामाग्रीको समीक्षा मुख्यतः अपाङ्गता भएका युवा महिलाहरूको रोजगारीको अवस्था र आर्थिक संलग्नतासँग सम्बन्धित नेपाल सरकारको मौजुदा योजना र नीति दस्तावेजहरूको जाँच गर्ने कार्यमा केन्द्रित थियो । अनुसन्धान टोलीले नेपालमा अपाङ्गता भएका युवा महिलाहरूसँग सम्बन्धित २५ भन्दा बढी नीतिगत दस्तावेज र किताबहरूको अध्ययन गरी तिनको समीक्षा गरेको छ । प्रस्तुत अनुसन्धानले यस समीक्षामार्फत् अपाङ्गता भएका युवा महिलाहरूको आर्थिक अधिकारसम्बन्धी कानूनी तथा नीतिगत प्रावधानहरूको जानकारी सङ्कलन तथा विश्लेशण गर्ने लक्ष्य पूरा गरेको छ ।

यो अध्ययन प्रदेश १, बागमती प्रदेश र लुम्बिनी प्रदेशमा गरिएको संरचनात्मक प्रश्नावलीमा आधारित भएर गरिएको सर्वेक्षण र अर्धसंरचनात्मक प्रश्नमा आधारित भएर गरिएको अन्तर्वार्ता तथा छलफलमा आधारित छ । कोभिड १९ को दोस्रो लहर चलिरहेकै अवस्थामा यस अध्ययनका लागि आवश्यक जानकारी सङ्कलन गर्ने कार्य सम्पन्न भएको थियो । कोभिड १९ रोकथामका लागि गरिएको प्रतिबन्ध र लकडाउनका बेला सुरक्षा उपाय र स्वास्थ्य प्रोटोकललाई ध्यानमा राखी सर्वेक्षणका सबै सहभागी र अन्तर्वार्ताका सम्बद्ध सबै नीति निर्माता तथा सरोकारवालाहरूलाई फोनमार्फत् सम्पर्क गरी जानकारी सङ्कलन गरिएको थियो ।

अनुसन्धान टोलीले रोजगारदाता, स्थानीय नीति निर्माता, निजामती कर्मचारी, सञ्चारकर्मी, नागरिक समाजका नेता र

अपाङ्गता भएका युवा महिलासहित ४७ जनासँग अन्तर्वार्ता लिएको थियो । यस अनुसन्धानमा एक पूर्वनिर्धारित उत्तरदाता चयन विधिको उपयोग गरी लिइएको नमुनाबाट सर्वेक्षण प्रश्नावलीमार्फत् तथ्याङ्क सङ्कलन गरिएको छ । अनुसन्धान टोलीले उत्तरदाता चयन गर्नका लागि सरल सम्भावनायुक्त नमुना विधि लागु गर्न सकेन किनकि जानकारी सङ्कलन गर्नुपर्ने कुल जनसंख्याको आकार निश्चित थिएन र सम्भावित उत्तरदाताको सूची पनि अनिश्चित थियो । त्यसैले अनुसन्धानको क्रममा प्राप्त भएका कुराकानी गर्न सम्भव हुने सबै जनामध्येबाट सम्भावित उत्तरदातालाई टेलिफोनमार्फत् सम्पर्क गरी जानकारी सङ्कलन गरिएको छ । अनुसन्धान टोलीले २० देखि ३० वर्ष उमेर समूहका अपाङ्गता भएका ४५७ जना युवा महिलाको सम्पर्क नम्बर प्राप्त गरेको थियो । तथ्याङ्क सङ्कलनकर्ताले उपलब्ध सबै नम्बरमा सम्पर्क गर्दा २५७ जना उत्तरदातासँग कुराकानी गर्न सफल भए । तीमध्ये २४२ जनासँग भएको संवाद मात्रै प्रतिवेदनमा उल्लेख गर्न योग्य देखियो । प्रतिवेदनमा तिनै जानकारी विश्लेषणको क्रममा प्रयोग गरिएका छन् । २४२ उत्तरदाताहरूमा ११ जना बहिरा महिला रहनुभएको थियो । उनीहरूसँग कुराकानी गर्नका लागि भिडियो कल र साङ्केतिक भाषा अनुवादकको सहयोग लिइएको थियो ।

यस प्रकार प्रस्तुत अध्ययनका निम्ति कुल २४२ नमुनाको उपयोग गरिएको छ । यस अध्ययनमा प्रयोग भएका जानकारीको नमुना तथ्याङ्कीय सामान्य वितरण ५० प्रतिशतमा कायम रहँदा ६.२६ प्रतिशत मात्र तथ्याङ्कीय त्रुटि र ९५ प्रतिशत तथ्याङ्कीय विश्वास स्तर सहने तहमा रहेको छ ।

प्रस्तुत अनुसन्धान सम्पन्न गर्ने क्रममा थेरै चुनौती तथा सीमितता थिए । कोभिड महामारीका कारण विभिन्न स्थानमा आवतजावत गर्न कठिनाइ थियो । त्यसैले यात्रामा प्रतिबन्ध हुनु एक मुख्य चुनौती थियो । तसर्थ अनुसन्धान टोलीले उत्तरदाताहरूको पहिचान र जानकारी सङ्कलन गर्ने कार्य अनलाइन, डिजिटल र टेलिफोनको माध्यमबाट सम्पन्न गर्यो । टेलिफोनको माध्यमबाट उत्तर दिनेहरूको संख्या अनुमान गरिएभन्दा कम थियो । यस सर्वेक्षणमा उत्तर दिने प्रतिक्रिया दर लगभग ५० प्रतिशत जति थियो ।

प्रस्तुत अनुसन्धान कार्य सञ्चालन गर्ने क्रममा उत्तरदाताको सुरक्षाको लागि अनुसन्धानसँग सम्बन्धित संयुक्त राष्ट्र संघको नैतिकतासम्बन्धी दिशानिर्देशमा उल्लेखित मापदण्डको पालना गरिएको थियो । अनुसन्धान प्रक्रिया सुरू गर्नुभन्दा पहिले सबै सहभागीहरूको सहमति लिएर मात्र जानकारी सङ्कलन गर्ने कार्य सुरु गरिएको थियो । उनीहरूलाई सर्वप्रथम अनुसन्धानको उद्देश्यका बारेमा प्रकाश पार्ने कार्य भयो । अनुसन्धानकर्ताबाट उत्तरदाताहरूलाई प्रश्नोत्तर गर्दा कुनै जोखिम वा हानी नहुने सुनिश्चित गरियो । सङ्कलित भएका संवेदनशील जानकारी कुनै पनि व्यक्तिको पहिचान पत्ता लगाउन नसकिने गरी यस प्रतिवेदनमा लेखिएको छ । प्रस्तुत प्रतिवेदनमा सबै उत्तरदाताको नाम गोप्य राखिएको छ ।

## २.१ प्रकाशित सामाग्रीको समीक्षा

प्रस्तुत अध्ययनका लागि विभिन्न प्रकारका नीतिसँग सम्बन्धित द्वितीयक श्रोतको विश्लेषण गरियो । अनुसन्धान टोलीले अध्ययन गरेका प्रमुख सामाग्रीहरूमा नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, UNCRPD राष्ट्रिय योजना आयोगको पन्ध्रौँ र चौधौँ राष्ट्रिय आवधिक योजना, विगत तीन आर्थिक वर्षको राष्ट्रिय बजेट, पछिल्ला तीन वर्षका मौद्रिक नीति र प्रदेश सरकार र स्थानीय सरकारबाट उपलब्ध नीतिनियमसम्बन्धी कागजात रहेका छन् ।

अन्तर्राष्ट्रिय सन्दर्भमा UNCRPD एक महत्त्वपूर्ण अन्तर्राष्ट्रिय साधन हो । UNCRPD को धारा ६ ले देशहरूलाई अपाङ्गता भएका महिला तथा युवा महिलाहरूमाथि हुने भेदभाव निर्मुल गर्न र उनीहरूको मौलिक स्वतन्त्रता र मानव अधिकारको सुनिश्चितता गर्नका लागि उपयुक्त नीति लागु गर्न अनिवार्य गरेको छ । यस अन्तर्राष्ट्रिय महासन्धिका हस्ताक्षरकर्ता देशहरूले अपाङ्गता भएका महिलाहरूको पूर्ण विकास, उन्नति र सशक्तिकरणको ग्यारेन्टी गर्ने लक्ष्य लिएको छ । त्यसैगरी UNCRPD को धारा २७ ले विशेष गरी काम र रोजगारीका मुद्दाका विषयमा कुरा गरेको छ । उक्त धारामा सदस्य देशहरूले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई अन्य व्यक्तिसँगको समानताका आधारमा कार्यन्वयन अपेक्षा गरिएको छ । यसमा श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूका लागि खुला, समावेशी र सुलभ वातावरणमा छनौट वा स्वीकार गरिएको कामबाट जीविका पाउने अवसरको अधिकार समावेश छ ।

राष्ट्रिय सन्दर्भमा नेपालको संविधान एक महत्त्वपूर्ण दस्तावेज हो जसले अन्य सबै घरेलु कानून तथा नीतिको आधार सुनिश्चित गर्दछ । नेपालको संविधान २०७२ मा सिधै अपाङ्गता भएका महिला तथा युवा महिलाहरूसँग प्रत्यक्ष जोडिएको कुनै पनि विशेष धारा समाविष्ट छैन । संवैधानिक अधिकारको परिप्रेक्ष्यमा त्यहाँ अपाङ्गता भएका युवा महिलाहरूको मौलिक अधिकारसँग ५ वटा धारा अप्रत्यक्ष तरिकाले सम्बन्धित रहेका छन् । सम्मानजनक बाँच्न पाउने हकले प्रत्येक व्यक्तिलाई मर्यादासँग बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्दछ । समानताको अधिकारले सबै नागरिकलाई कानूनको अगाडि समान बनाउँछ । उनीहरूको अधिकारको ग्यारेन्टी गर्दछ । यी धारामा कुनै पनि व्यक्तिलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने धारणा समाहित छ । साथै संविधानले नै कुनै पनि व्यक्तिलाई उत्पत्ति, धर्म, जातजाति, लिंग, शारीरिक अवस्था, स्वास्थ्यको अवस्था, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, विचारधारा आदिका आधारमा कानूनको प्रयोगमा कुनै भेदभाव नगरिने व्यवस्था गरेको छ । यस संविधानमा प्रत्येक नेपाली नागरिकलाई स्वतन्त्रतापूर्वक रोजगारी गर्न पाउने अधिकारको ग्यारेण्टी गरिएको छ र सबैलाई रोजगारी छनौट गर्ने अधिकार हुने व्यवस्था गरिएको छ । अपाङ्गता भएका नागरिकहरूलाई मर्यादाजनक ढङ्गले तथा सम्मानपूर्वक बाँच्न तथा उनीहरूलाई विविधताको पहिचानसहित सार्वजनिक सेवा र सुविधाहरूमा समान पहुँचको हक हुने ग्यारेण्टी पनि गरिएको छ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षाका लागि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन एक महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । सबै अपाङ्गता भएका व्यक्तिहरूका साथै अपाङ्गता भएका युवा महिलाहरूको सम्बन्धमा यो ऐन महत्त्वपूर्ण छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐनले हाम्रो समाजमा विद्यमान विभिन्न अवरोधलाई कानुनी रूपमा पहिचान गरेको छ । यस ऐनमा विभिन्न सामाजिक, भौतिक वातावरणसँग सम्बन्धित अवरोध, मनोसामाजिक, प्रविधि, प्रकृति र मानव निर्मित वातावरण, मानवीय दृष्टिकोणसँग सम्बन्धित, सेवा प्रणाली र नीतिबाट उत्पन्न अवरोधका बारेमा समेत कुरा गरिएको छ । यस ऐनको परिछेद ३ मा अपाङ्गता भएका व्यक्तिको अधिकार तथा रोजगारसम्बन्धी प्रावधान छ । यस ऐनले अपाङ्गताको आधारमा हुने भेदभाव वा व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित हुने अवस्था विरुद्धको अधिकारको ग्यारेन्टी गर्दछ । ऐनको परिछेद ३ को प्रावधानमा स्पष्ट भनिएको छ, कुनै व्यक्तिले अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्थामा भर्ना गर्न, बैंक वा वित्तीय संस्थाले रोजगारी तथा सेवा दिनमा अपाङ्गताको आधारमा कुनै किसिमको भेदभाव गर्नु हुँदैन । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनको धारा १० ले अपाङ्गता भएका व्यक्तिलाई परिवार, अभिभावक वा अन्य व्यक्तिबाट सम्भावित कुनै प्रकारको अमानवीय वा अपमानजनक व्यवहार, शारीरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौन उत्पीडन र शोषणविरुद्ध सुरक्षाको अधिकारको ग्यारेन्टी गर्दछ । हिंसा र उत्पीडनबाट बच्नका लागि नेपाल सरकारले उपयुक्त उपायको अवलम्बन गर्ने अपेक्षा गर्दछ । नेपाल सरकारबाट उक्त ऐनले अपाङ्गता भएका व्यक्तिका लागि

उनीहरूको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा कुनै पनि उद्यममा कुनै कामको उपलब्धताको हदसम्म कुनै तोकिएको संख्यामा नियुक्त गर्नको लागि उचित उपाय लिने अपेक्षा गर्दछ । लैङ्गिक समावेशिताको परिप्रेक्ष्य र अपाङ्गता भएका युवा महिलाहरूमाथि हुने भेदभावका धेरै तहलाई ध्यानमा राख्नु पनि उत्तिकै जरुरी हुन्छ । यस ऐनअनुसार निजामती तथा सरकारी सेवामा गएको केही वर्षमा राम्रो काम भएको देख्न सकिन्छ । तर निजी क्षेत्रका व्यक्तिगत तथा सार्वजनिक कम्पनीहरूमा अपाङ्गता भएका युवा महिलाहरूका लागि सरकारी सेवामा जस्तै किसिमले सकारात्मक रोजगारीको अवस्था बनाउन सकेको देखिँदैन । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐनको दफा २४ मा अपाङ्गता भएका व्यक्तिको सीप वृद्धि गरी व्यावसायिकता र स्वरोजगार सिर्जना गर्न नेपाल सरकारले व्यावसायिक तालिम प्रदान गर्नेछ भन्ने व्यवस्था लिखित रूपमा गरेको पाइन्छ । तर सरकारी तवरबाट यस क्षेत्रमा व्यवहारिक रूपमा त्यस्तो उल्लेखनीय कार्य भएको भने पाइँदैन । उक्त ऐनको दफा २४ ले केही विशिष्ट अधिकारको व्यवस्था गरेको छ । यदि कुनै पनि कामदार वा कर्मचारी काम गर्ने सिलसिलामा काम गर्न नसक्ने गरी अपाङ्ग भएमा उक्त व्यक्ति कार्यरत संस्थाले उसलाई  आवश्यक संरक्षण गर्न आवश्यक छ । यदि त्यस्ता कामदार वा कर्मचारीलाई अर्को काम पाउन वा अन्य पदमा रही कार्य पूरा गर्नको लागि सम्भव छैन भने कार्यालयले उसको लागि उपयुक्त अर्को पद सिर्जना गर्न वा सेवानिवृत्त नभएसम्म एक अतिरिक्त पद कायम राख्न आवश्यक छ । अपाङ्गता भएका युवा महिला र अपाङ्गता भएका अन्य व्यक्तिसँग सम्बन्धित मुद्दा सम्बोधन गर्नका लागि नेपाल सरकारअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ । नगरपालिका वा गाँउपालिका स्तरमा समन्वय समिति बनाइने व्यवस्था भएको देखिन्छ । धेरैजसो स्थानीय पालिकाहरूले अहिलेसम्म त्यस्तो समन्वय समिति गठन गरेका छैनन् । श्रम ऐन र राष्ट्रिय रोजगार नीतिमा अपाङ्गता भएका व्यक्तिहरूको श्रम अधिकारसम्बन्धी उल्लेख छ, तर त्यस्ता अधिकार कसरी सुनिश्चित गर्ने भन्ने बारे त्यहाँ कुनै विशेष प्रावधान उल्लेख गरिएको छैन । राष्ट्रिय शिक्षा नीतिको एउटा मुख्य उद्देश्य नै सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम र प्रतिस्पर्धी नागरिकका रूपमा विकास गर्न गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी उनीहरूलाई सम्मानजनक जीवन बिताउन मदत गर्ने रहेको छ ।

नेपाल सरकारको राष्ट्रिय आवधिक योजनाको प्राथमिकतामा परेका क्षेत्रको अध्ययन गर्नका लागि बनेको पञ्चवर्षीय योजनाको कागजात एक प्रमुख नीति दस्तावेज हो । हाल चालु पन्ध्रौं राष्ट्रिय आवधिक योजना तीन वर्षको अवधिका लागि सञ्चालनमा रहेको छ । पन्ध्रौं राष्ट्रिय आवधिक योजनाले विभिन्न प्रमुख विद्यमान सामाजिक तथा राजनीतिक चुनौतीमध्ये केही चुनौतीलाई उल्लेख गरेको छ । अपाङ्गता भएका बालबालिका अपाङ्गता मैत्री शिक्षाको अभावमा विद्यालयबाहिर रहेका छन् । रोजगारीमा समान पहुँचको अभाव र सामाजिक सहभागिताको अभावमा अपाङ्गता भएका व्यक्तिहरूका लागि आय आर्जनको अभाव देखिन्छ  । अपाङ्गता भएका व्यक्तिमाथि समाजमा विभिन्न प्रकारका भेदभाव र असमान अवस्थाको सिर्जना भएको देखिन्छ । अपाङ्गता मैत्री संरचनाको कमी तथा अपाङ्गता भएका व्यक्तिको लागि सूचना, सञ्चार र प्रविधिको पहुँचको अभाव झन् ठूलो समस्याका रूपमा देखिन्छ । अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य सेवा, परामर्श सेवा, सहायक उपकरण र पुनर्वास सुविधाको उपलब्धताको अभाव पनि उल्लेखनीय समस्याको रूपमा रहेको छ ।

प्रकाशित भएका सामाग्रीको समीक्षा गर्ने क्रममा अनुसन्धान समूहले नेपाल सरकारको विगत तीन आर्थिक वर्षको बजेट विनियोजन र त्यसका प्राथमिकताहरूको समीक्षासमेत गरेको छ । आर्थिक वर्ष २०७८।२०७९ को बजेटले तत्कालका लागि राहत कार्यक्रम र कोभिड १९ महामारीको रोकथाम र यसबाट प्रतिकूल असर परेका जनताको दैनिक जीवनको सामान्यीकरणका लागि प्रमुख प्राथमिकता तय गरेको छ । तर यस बजेटले अपाङ्गता भएका महिला र अपाङ्गता भएका अन्य व्यक्तिको आवश्यकताबारे प्रत्यक्ष रूपमा केही उल्लेख गरेको छैन ।

त्यसैगरी आर्थिक वर्ष २०७७।२०७८ र २०७६।२०७७ का बजेट अध्यादेशहरूमा सबै नेपाली नागरिकका लागि श्रम र रोजगारीका अवसर अभिवृद्धि गर्ने विषयमा सामान्य व्यवस्था गरिएको पाइन्छ । अध्यादेशको भाषा विगत तीन आर्थिक वर्षका लगातार तीनवटा बजेट अध्यादेशहरूसँग मिल्दोजुल्दो छ : “यो बजेटले सबै नेपालीहरूका लागि काम र रोजगारीका अवसरहरू सिर्जना गर्ने उद्देश्य राखेको छ ।” तर अपाङ्गता भएका युवा महिलाहरूको रोजगारीको विषयमा भने कुनै पनि बजेटले स्पष्ट रूपमा उल्लेख गरेको पाइँदैन ।

नेपाल राष्ट्र बैंकको वार्षिक मौद्रिक नीतिको समीक्षा गर्दा २०७७ र २०७८ आर्थिक वर्षको मौद्रिक नीतिमा सामान्य केही उल्लेख भएको पाइन्छ । यहाँ उल्लेख गरिएका नीतिहरू देशको आर्थिक स्रोतलाई परिचालन गरी आर्थिक गतिविधिको विस्तार गर्ने, रोजगारीको सिर्जना गर्ने र दिगो आर्थिक विकासमा बढोत्तरी गर्नका लागि स्रोत परिचालन गरिने कुरामा केन्द्रित रहेका छन् । वित्तीय पूर्वाधारको विकासका माध्यमबाट वित्तीय सेवाको पहुँच र भुक्तानी प्रणालीलाई सुरक्षित, स्वस्थ र कुशल बनाउनका लागि डिजिटलीकरणमा ध्यान केन्द्रित गर्ने कुरा उल्लेख गरिएको पाइन्छ । नीतिहरूमा सहुलियतपूर्ण कर्जाको प्रावधान भए तापनि अझै अपाङ्गता भएका युवा महिलाहरूलाई रोजगार सिर्जना गर्नका लागि यी नीतिहरूले कसरी सहयोग गर्दछ भन्ने विषयमा स्पष्टता छैन ।

अनुसन्धान टोलीले स्थानीय सरकारका साथै प्रदेश १, बागमती र लुम्बिनी प्रदेशका प्रदेश सरकारको अपाङ्गता भएका युवा महिला बारेको नीति तथा योजना खोजेको थियो । यस बारेमा प्रत्यक्ष सम्बन्ध राख्ने खास कुनै नीति तय भएको पाउन सकिएन । यस विषयमा स्थानीय स्तरमा प्रभावकारी बहस पैरवी गर्नु आवश्यक देखिन्छ । स्थानीय तहमा हकहित सुरक्षित हुने गरी नीति नियमहरूको व्यवस्था गर्न नसकेसम्म वास्तविक हकहित संरक्षण गर्न कठिन हुन्छ । अपाङ्गता भएका महिलाहरूको कुरा गर्दा मानव अधिकारको मोडेलमा आधारित विचार धेरै लोकप्रिय छन् । अपाङ्गतासम्बन्धी धेरैजसो विश्वव्यापी नीति र अभ्यास सामाजिक र मानव अधिकारको फ्रेमवर्कमा आधारित रहेका छन् । नेपालका केही नीतिनियममा अपाङ्गता भएका व्यक्तिबारे केही न केही प्रावधान उल्लेख भएका पाइन्छन् तर यी व्यवस्था अपाङ्गता भएका युवा महिलाहरूलाई रोजगारीको अवसर प्रदान गर्न तथा अर्थोपार्जनका लागि उचित वातावरण बनाउन वा बढाउन भने पर्याप्त छैनन् ।

## २.२ सरोकारवालाहरूसँगको अन्तर्वार्ता र छलफलको नतिजा

हामीले अनुसन्धान गर्ने सिलसिलामा विभिन्न सरोकारवालाहरूसँग अन्तर्वार्ता र छलफल गरेका थियौँ । अपाङ्गता भएका युवा महिला, नीति निर्माता, सञ्चारकर्मी, रोजगारदाता, विश्वविद्यालयका प्राध्यापक र नागरिक समाजका प्रतिनिधिसँग अन्तर्वार्ता लिइएको थियो । उत्तरदाताहरूको पहिचान गोप्य बनाउनका लागि उनीहरूको नामसहित व्यक्तिगत पहिचान हुने कुरालाई यहाँ उल्लेख गरिएको छैन ।

अन्तर्वार्तामा सहभागी लगभग सबै उत्तरदाताहरूका विचारमा अपाङ्गता भएका युवा महिलाहरूको अवस्था मात्र होइन नेपालमा सबै खालका अपाङ्गता भएका मानिसहरूको स्थिति निकै नै चुनौतीपूर्ण छ । अधिकांश उत्तरदाताहरूले नेपालमा आर्थिक गतिविधिमा महिलाहरूको समग्र सहभागिता धेरै न्यून रहेको अवस्थामा अपाङ्गता भएका महिलाहरूको सहभागिता अझ कम रहेको बताउनु भयो । हामी कहाँ अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारको अवसरका बारेमा सामाजिक धारणा धेरै रूढ़िवादी प्रकृतिको छ । उनीहरूले यो पनि स्वीकार गरे कि निजी रोजगारदाताले आफ्ना कम्पनीमा रोजगारीका लागि अपाङ्गता भएका व्यक्तिको क्षमतामा कहिल्यै विश्वास गर्दैनन् जसले नीजि क्षेत्र तथा अनौपचारिक क्षेत्रमा रोजगारी सिर्जना गर्न समस्या पैदा गरेको छ । झन् अपाङ्गता भएका महिलाहरूको बारेमा कुरा गर्दा परिवारले उनीहरूलाई तालिम, पढाई वा रोजगारीको लागि घरबाहिर पठाउन खासै रुचाउँदैनन् ।

नेपालको सन्दर्भमा परिवारका अभिभावकवर्ग नै रोजगार वा प्रशिक्षणसम्बन्धी गतिविधिका लागि छोराको तुलनामा छोरीलाई बाहिर पठाउन चाहँदैनन् भन्ने तथ्यप्रति सबै उत्तरदाता सहमत भएका थिए । झन् अपाङ्गता भएका महिलाको बारेमा कुरा गर्दा परिवारले उनीहरूलाई तालिम, पढाई वा रोजगारीको लागि घरबाहिर पठाउन खासै रुचाउँदैनन् । जुन विषय आर्थिक गतिविधिमा पुरुषको तुलनामा महिलाको सहभागिता कम हुने एउटा अर्को महत्त्वपूर्ण कारण बनेको छ ।

हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीका सन्दर्भमा कुरा गर्दा उनीहरूको काम गर्ने क्षमतालाई भन्दा पनि अपाङ्गताका आधारमा उनीहरूप्रति धारणा बनाउने गरेको पाइन्छ । अपाङ्गता भएका व्यक्तिहरू काम गर्न सक्दैनन् भन्ने मानसिकता नीति निर्माण गर्ने तहमा बलियो भएर रहेको ठहर अधिकांश उत्तरदाताहरू गर्छन् । अपाङ्गता भएका व्यक्तिहरूलाई अझसम्म राष्ट्रमा उत्पादक नागरिकका रूपमा मान्ने गरिएको छैन । जागिरको अन्तर्वार्ताको समयमा धेरै रोजगारदाताले उनीहरूको क्षमता तथा सिपको कुरा गर्नुको सट्टा अपाङ्गता भएका व्यक्ति

भनेर उनीहरूप्रति फरक खालको सहानुभूति राख्ने गरेको सहभागीहरू बताउछन् ।

अपाङ्गता भएका युवा महिलाहरूको रोजगारीको स्थितिको कुरा गर्दा विभिन्न प्रकारका अपाङ्गता भएका महिलाहरूको फरक फरक अवस्थाको पनि विचार गर्नुपर्छ । आर्थिक गतिविधिमा त्यस्ता व्यक्तिहरूको सहभागिता उनीहरूको अपाङ्गताको प्रकार र गम्भीरतामा निर्भर गर्दछ । उदाहरणका लागि बौद्धिक अपाङ्गता, बहिरा र दृष्टिविहीन महिलाहरूको सहभागिता अन्य अपाङ्गता भएका महिलाहरूको तुलनामा धेरै कम छ ।

नेपालका नागरिक समाजजस्ता संगठनको नेतृत्व गरिरहेका तीन उत्तरदाताले अपाङ्गता भएका युवा महिलाहरूका सन्दर्भमा देखा परेका केही चुनौतीबारे बताएका थिए । सामान्य अवस्थामा अपाङ्गता भएका युवा महिलाहरूलाई जागिर पाउन धेरै कठिनाइ हुन्छ । केही गरी उनीहरूले जागिर पाइहाले पनि कम तलबमा अधिक श्रम तथा मेहनत लाग्ने काम गर्नु परिरहेको हुन्छ । उनीहरू आफ्नो योग्यताअनुसार जागिर पाउँदैनन् । उनीहरूको कमजोर आर्थिक स्थिति, धेरै लामो समयसम्म बेरोजगार बस्नु पर्ने अवस्था र काम पाउन एकदम समय लाग्ने भएकोले अपाङ्गता भएका युवा महिलाहरू थोरै तलब भएको रोजगारी पनि स्विकार्न बाध्य भएका छन् ।

उत्तरदाताहरूले जोड दिएको अर्को महत्त्वपूर्ण कुरा अपाङ्गता भएका महिलाहरूलाई काम गर्दा आइपर्ने विभिन्न कठिनाइको हो । उनीहरूलाई काम गर्ने अवसर मिलिहाले पनि काम गर्ने ठाँउसम्म जाने आउने अव्यवस्थित संरचना र कार्यस्थलमा हुने दुर्व्यवहारका कारण पनि त्यो कामलाई निरन्तर रूपमा अघि बढाउन कठिनाइ भइरहेको हुन्छ ।

केही उत्तरदाताले हामीलाई दुर्व्यवहारका घटनाबारे बताएका थिए तर उनीहरूले त्यसबारे कुनै रिपोर्ट गरेका वा त्यस्ता दुर्व्यवहार गर्ने व्यक्तिलाई कारबाहीको दायरामा भने ल्याएका थिएनन् ।

केही उत्तरदाताले तनावपूर्ण अवस्थामा काम गर्नुपर्ने बाध्यता भएको कुरा बताएका थिए । दुई जना उत्तरदाताले बताएअनुसार आफूहरूले निरन्तर काम गरिरहने क्रममा आइपर्ने विभिन्न कठिन काम तथा तनावयुक्त अवस्थाका कारण प्रजनन स्वास्थ्य तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिने गरेको छ । उनीहरूले कार्यस्थल महिलामैत्री नभएको र स्वास्थ्य सुविधा तथा उचित स्वास्थ्यसम्बन्धी परामर्शमा आफ्नो पहुँच नभएको बताएका थिए ।

अपाङ्गता भएका बालिकाहरूले अपाङ्गता भएका बालकहरूको तुलनामा शिक्षाको अवसर कम पाउँछन् । अपाङ्गता भएका बालिकाहरूको शिक्षाका लागि परिवारबाट कम सहयोग प्राप्त हुने, विद्यालयमा हुँदा वा घरदेखि विद्यालयसम्म जाँदा-आउँदा लैङ्गिक वा यौन दुर्व्यवहार हुने सम्भावनासमेत धेरै भएको उत्तरदाताहरूले बताएका थिए । यस्तै खालका विभिन्न कारणले गर्दा अपाङ्गता भएका बालबालिका अपाङ्गता नभएका अन्य बालबालिकाभन्दा धेरै ढिलो विद्यालय जाने गर्दछन् । एक त अपाङ्गता नभएका बालबालिकाभन्दा थोरै पछि मात्र अपाङ्गता भएका बालबालिकाको अपाङ्गता पहिचान हुन्छ । दोस्रो कारण अपाङ्गता भएका बालबालिका विद्यालय भर्ना भए पनि उनीहरू उचित शिक्षा पाउँदैनन् किनभने नेपालको सामान्य विद्यालय प्रणालीमा समावेशी तथा विशेष शिक्षा प्रणालीको अभाव छ । उदाहरणको लागि बहिरा बालबालिकाको शिक्षाका लागि साङ्केतिक भाषा शिक्षक सामान्य तथा सबै क्षेत्रका विद्यालयमा भेटिँदैनन् । शारीरिक अपाङ्गता भएका बालबालिकालाई स्कूलमा प्राप्त हुने भौतिक सुविधामा कमै मात्रामा पहुँच छ । सहायक उपकरणको आवश्यकता रहेका बालबालिकालाई यस्ता उपकरणमा सहज पहुँचसमेत छैन । अपाङ्गता भएका बालिकाको हकमा यो स्थिति झन् खराब देखिन्छ ।

समग्रतामा हेर्दा अपाङ्गता भएका बालबालिकामा परिवारको लगानी न्यून छ । बालिकामा गरिएको लगानी झनै कम छ । परिवारका सदस्यले अपाङ्गता भएका बालबालिकाबाट भविष्यमा गएर आफ्नो परिवारको आर्थिक क्षेत्रमा कम योगदान हुने ठानेर सुरुदेखि नै उनीहरूको शिक्षामा कम लगानी गर्दछन् । युनिसेफ एमआईसीएस प्रतिवेदन २०१४ को तथ्याङ्क अनुसार विद्यालय उमेरका २३.२ प्रतिशत बालबालिका विद्यालयबाहिर नै रहेका छन् । तीमध्ये निम्न माध्यमिक तहका विद्यालयबाहिर रहने बालबालिकाको सङ्ख्या ५.७ प्रतिशत रहेको छ । तीमध्ये पनि ४४.३ प्रतिशत बालबालिका कहिल्यै विद्यालय भर्ना नभएका र ३२.७ प्रतिशतले केही समय विद्यालय गएर पछि जान छोडेको देखिन्छ । उक्त प्रतिवेदनले विद्यालयको माथिल्लो कक्षामा जाँदै गर्दा विद्यालय छाड्ने दर बढ्दै जाने तथा छात्रको तुलनामा ४.३ प्रतिशत बढी छात्रा विद्यालयबाहिर हुने सम्भावना भएको दावी

गरेको छ । अपाङ्गता भएका महिला उत्तरदाताको अनुभवका आधारमा अपाङ्गता भएका काम गर्ने महिलाहरूका लागि विश्वविद्यालयको डिग्री पूरा गरेर मात्र रोजगारीको पर्याप्त सम्भावना छैन । उनीहरूलाई सीप र अनुभवको आवश्यकता छ । साथसाथै आम मानसिकता परिवर्तन गर्नका लागि पनि लड्न जरुरी छ । कोभिड महामारी सुरु भए यता लागेको प्रतिबन्धका कारण कतिपय विद्यालय हालका दिनमा अनलाइनका माध्यमबाट शिक्षा प्रदान गरिरहेका छन् । यसरी डिजिटल प्लेटफर्ममा पढाइ हुँदा अपाङ्गता भएका बालबालिकाको समावेशिकरणको विषयमा विरलै विचार गरिएको पाइन्छ । अनलाइन कक्षाहरूमा धेरैजसो शिक्षक चित्रात्मक तथा भिडियो प्रदर्शन गराएर आफ्नो कक्षा सञ्चालन गर्दछन् । त्यहाँ दृष्टिविहीन बालबालिकालाई कसरी सिकाउने भन्ने तरिका तथा त्यसका लागि विशेष आवश्यक सामग्रीबारे ख्याल गरिएको पाइँदैन ।

वर्तमान स्थितिमा रोजगारीको समग्र अवस्था केहि राम्रो हुँदै गइरहेको पाउन सकिन्छ । आजकल रोजगारीका लागि विभिन्न अवसरहरू उपलब्ध छन्, जस्तैः सरकारी जागिरमा आरक्षण, स्वरोजगारमूलक कार्यक्रम, अपाङ्गता भएका महिलाहरूका लागि गैरसरकारी संस्था तथा निजी कम्पनीहरूमा रोजगार । अर्को महत्त्वपूर्ण कुरा भनेको विगत केही वर्षमा स्थानीय सरकारले दलित, समाजका अन्य वञ्चित वर्ग तथा सीमान्तकृतहरूका लागि विभिन्न कार्यक्रम तयार पारेका छन् । ती कार्यक्रममा अपाङ्गता भएका व्यक्तिका लागि थोरै मात्र कार्यक्रम समाविष्ट गरिएका छन् । अपाङ्गता भएका युवा महिलाहरूसँग मात्र सम्बन्धित कार्यक्रम भएको पाइएको छैन ।

अधिकांश उत्तरदाताका विचारमा विद्यमान कानून र नीति अपाङ्गता भएका युवा महिलाहरूका लागि अनुकूल रोजगारको वातावरण निर्माणका निम्ति पर्याप्त छैनन् । अपाङ्गता भएका धेरैजसो व्यक्तिलाई विद्यमान नीति तथा प्रावधानका बारेमा पनि त्यति जानकारी छैन ।

धेरै जसो गैरसरकारी संस्था अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित चुनौतीलाई सम्बोधन गर्न अनुकूलित नीतिनिर्माणको लागि वकालत गर्दैछन् तर अपाङ्गता भएका युवा महिलाहरूसँग सम्बन्धित विशिष्ट कुराहरूको बारेमा खासै पहल, बहस पैरवी भएको देखिँदैन ।

अन्तर्वार्ताका लागि अनुसन्धान टोलीले सम्पर्क गरेका सबै कर्मचारी र नीति निर्माताहरूले सार्वजनिक सेवा प्रदान गर्ने नेपाली संरचना र संयन्त्र अपाङ्ग मैत्री नभएको स्वीकार गरेका थिए । अधिकांश नीति निर्माताहरूले सबै तहमा अपाङ्गमैत्री संरचना र नीतिलाई धेरै प्राथमिकता दिइरहेका दावी गरेका छन् । अन्तर्वार्ताका आधारमा हेर्दा नीति निर्माता र सरकारी कर्मचारीको सोचाई कानूनी तथा मानव अधिकारको दृष्टिकोणबाट निर्देशित छ । अपाङ्गतालाई हेर्ने सामाजिक दृष्टिकोणबाट कर्मचारी र नीति निर्माताको मानसिकतालाई बदल्नका लागि र नीतिगत उपायमार्फत् अपाङ्गता भएका व्यक्तिका लागि रोजगारका अवसर सिर्जना गर्न धेरै काम गर्नुपर्ने देखिन्छ ।

अपाङ्गतासम्बन्धी अहिले भइरहेका पैरवी तथा वकालत पर्याप्त नभएको कुरामा सबै उत्तरदाता सहमत देखिए । धेरैजसो स्थानीय तह र प्रदेशमा अपाङ्गतासम्बन्धी नीति नै छैनन् । स्थानीय सरकारसँग सम्बन्धित प्रश्नमा केही उत्तरदाता भन्छन्, उनीहरूसँग अपाङ्गता भएका महिलाका विषयसँग सम्बन्धित छुट्टै नीति छैनन् ।

अपाङ्गता भएका महिलाहरूसँग अन्तर्वार्ता गर्ने क्रममा उनीहरूले रोजगारमा संलग्न हुनका लागि आफूभित्र पर्याप्त आत्मविश्वास हुनु आवश्यक भएको कुरा बताए । पर्याप्त शिक्षा र तालिम पाएका महिलाहरूमा तुलनात्मक रुपमा बलियो आत्मविश्वास भएको पाइएको थियो । जसले जीवनमा औपचारिक शिक्षाको मौका पाएनन् वा कम्तीमा एउटा पनि सीप विकाससम्बन्धी तालिम प्राप्त गर्ने मौका पाएनन, उनीहरूको आत्मविश्वास कम भएको पाइएको थियो । प्रायः कम आत्मविश्वास भएका महिलाहरू अरुमाथि आश्रित भएका, बेरोजगार रहेका, रोजगार भए पनि उनीहरूले थोरै तलबमा काम गर्नुपर्ने बाध्यता रहेको देखिएको थियो । हाम्रो अध्ययनमा कम्प्युटर, सञ्चार र भाषा वाककलाजस्ता सिप सिकेका महिलाहरूमा राम्रो आत्मविश्वास रहेको पाइयो । रोजगारमा संलग्न  हुँदा बढी आत्मविश्वास प्राप्त हुने कुरामा धेरै उत्तरदाताको दावी थियो ।

यस अध्ययनमा समाविष्ट उत्तरदातामा कोही अध्ययनरत विद्यार्थी थिए, केही प्राविधिक र व्यापारसम्बन्धी सिप सिक्दै गरेका व्यक्ति थिए, केही अपाङ्गता भएका महिला थिए जो सरकारी कार्यालय र बैंकमा सूचना अधिकारीका रूपमा काम गरिरहेका थिए । रोजगारीमा रहेका महिलाहरूमा शिक्षण पेशामा संलग्न महिलाको

सङ्ख्या धेरै रहेको थियो । अधिकांश अपाङ्गता भएका युवा महिलाले रोजगारी पाउन धेरै गाह्रो भएको अनुभव सुनाएका थिए । यस्ता महिलाको समूहबाट उत्तर दिने प्राय जसोलाई रोजगारका लागि आफ्ना आमाबुबा र परिवारका सदस्यहरूको दृष्टिकोण धेरै नै महत्त्वपूर्ण हुन्छ भन्ने लाग्दछ ।

रोजगारदाता र व्यवसायी उत्तरदाताहरुले उनीहरूका बीचमा अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो अपाङ्गताका कारणले मात्र राम्रो काम गर्न नसक्ने भावना रहेको बताएका छन् । यदि उनीहरूलाई प्रस्तावित व्यक्ति अपाङ्ग भएको कुरा अवगत भयो भने सुरुमै त्यस्ता व्यक्तिलाई अन्तर्वार्ताको सूचीमा राख्दैनन् । यदि रोजगारदातालाई पहिले नै सम्भावित कर्मचारीलाई अपाङ्गताको समस्या छ भन्ने थाहा थिएन भने पनि उनीहरू सामान्यतया अपाङ्गता भएका व्यक्तिहरूलाई पछि जागिरको अन्तर्वार्ताको बेला अस्वीकार गर्छन् । अध्ययनका क्रममा रोजगारदाताहरू माझ एक कमजोर मानसिकता रहेको पाइएको थियो । उनीहरू अपाङ्गता भएका महिलाहरूलाई अधिक सुरक्षाको आवश्यकता छ भन्ने गलत धारणा राख्दछन् । एक रोजगारदाताले भने, “म सामान्यतया युवा महिलाहरूलाई काममा राख्न रुचाउँदिनँ किनभने उनीहरूलाई लामो समयसम्म प्रसूति बिदा दिनुपर्ने बाध्यता आइलाग्छ । यसरी हाम्रा कार्यालय लामो समयसम्म कर्मचारीविहीन अवस्थामा रहन्छन् ।” यस्तो सोचाइले रोजगारदातामा महिलाबारे नकारात्मक विचार र भेदभावको मानसिकता छ भन्ने कुरा स्पष्ट रूपमा देखिन्छ । अपाङ्गता भएका महिलाले एकातिर महिला हुनुको भेदभाव भोग्छन् भने अर्कातिर अपाङ्ग हुनुको भेदभाव पनि भोग्छन् र हाम्रो सामाजिक संरचनाबाट अन्य थप भेदभावका विभिन्न तह पार गरेर मात्र रोजगारीका अवसर प्राप्त गर्दछन् ।

समाजमा केही राम्रा अभ्यास पनि भएका छन् । अनुसन्धानको क्रममा हामीले अपाङ्गता भएका युवा पुरुष र महिलालाई काममा लगाएका दुई रोजगारदातासँग पनि अन्तर्वार्ता लिएका थियौं । बेकरी क्याफे नामक एउटा रेस्टुरेन्टले धेरै वर्षदेखि दर्जनौं अपाङ्गता भएका पुरुष तथा महिलालाई काममा लगाइरहेको पाइन्छ । उनीहरूले सञ्चालन गरेको रेस्टुरेण्टले आफ्नो आउटलेटमा बहिरा मानिसहरूलाई काममा राखिएको कुराको जानकारी सार्वजनिक रूपमा आफ्नो वेबसाइटबाट गराएको छ । बेकरी क्याफेका रोजगारदाताले बहिरा कर्मचारीबाट कामप्रतिको समर्पण, लगाव र व्यावसायिकता धेरै नै प्रभावशाली पाएको बताएका थिए । कुराकानीको क्रममा उनले खुसी र सन्तुष्टि प्राप्त भएको धारणा व्यक्त गरे ।

त्यसैगरी अर्को रेष्टुरेन्ट सञ्चालन गर्ने रोजगारदाताले अपाङ्गता भएका युवा महिलालाई वेटरको रूपमा भर्ना गर्नु चुनौतीपूर्ण कार्य भएको गुनासो गरे । उनले बताए, ‘नेपालमा युवा महिलाहरूलाई लामो समयसम्म काममा लगाउन सकिँदैन । सामान्यतया रेस्टुरेन्टमा चहलपहल बढ्ने तथा व्यापार हुने समय भनेकै बेलुकी हो । साँझ अबेरसम्म काम गरी घर फर्किनका लागि सहरमा समेत सार्वजनिक यातायातको उचित व्यवस्था छैन । उनीहरूले जस्तै रेष्टुरेन्ट चलाइरहेका रोजगारदाताले अपाङ्गता भएका युवा महिलाहरूलाई भर्ना गर्न चाहन्छन् तर यहाँको सामाजिक संरचना र यातायात जस्ता सामान्य पूर्वाधारको अभावका कारण रोजगारदातालाई अपाङ्गता भएका महिलालाई भर्ना गर्न चुनौती हुने उनको मुख्य चिन्ता थियो ।

सबै रोजगारदाता अपाङ्गता भएका व्यक्ति तथा अझ विशेष गरी अपाङ्गता भएका युवा महिलाहरूलाई जागिर दिनका लागि तयार छैनन् । धेरै थोरै रोजगारदाताहरू मात्रै उनीहरूलाई भर्ना गर्न रुचाउँछन् ।

## २.३ अपाङ्गता भएका युवा महिलाहरूसँगको सर्वेक्षण नतिजा

यस सर्वेक्षणमा कुल २४२ जना उत्तरदाता सहभागी थिए । जो २० देखि ३० वर्ष उमेर समूहका थिए । यसमा सहभागी सबैजना अपाङ्गता भएका महिला थिए । लगभग ४५ प्रतिशत उत्तरदाता दलित तथा जातीय अल्पसंख्यक समूहका थिए । जम्मा २४२ जना उत्तरदातामध्ये १७५ जना अविवाहित थिए ।
हाम्रो सर्वेक्षणमा ७४ प्रतिशत उत्तरदाता सहरी नगरपालिकाबाट र २६ प्रतिशत गाँउपालिकाबाट समाविष्ट छन् । उनीहरू मध्ये धेरै जसो व्यक्तिले सहरी क्षेत्रमा अस्थायी रुपमा आफ्नो शिक्षा वा जागिरको लागि बस्नुपरेको बताएका थिए । हामीले गरेको अध्ययनमा सर्वेक्षणका लागि प्रदेश १ बाट ५४, बागमती प्रदेशबाट १३९, र लुम्बिनी प्रदेश बाट ४९ जना उत्तरदाता सहभागी भएका थिए ।

**तालिका १** **अपाङ्गताको प्रकारका आधारमा उत्तरदाता**

| अपाङ्गताको गम्भीरता अपाङ्गताको प्रकार | पूर्ण र अति अशक्त अपाङ्गता | मध्यम अपाङ्गता | सामान्य अपाङ्गता | कूल जम्मा |
|---|---|---|---|---|
| शारीरिक अपाङ्गता | ४३ | २८ | १३ | ८४ |
| पूर्ण दृष्टिविहीन | ७५ | १ | | ७६ |
| न्यून दृष्टियुक्त | २३ | २८ | ३ | ५४ |
| बहिरा | १ | | | १ |
| श्रवण दृष्टिविहीन अपाङ्गता | ५ | १ | १ | ७ |
| मानसिक वा मनोसामाजिक अपाङ्गता | २ | | | २ |
| बौद्धिक अपाङ्गता | १ | | | १ |
| अटिज्मसँग सम्बन्धित अपाङ्गता | १ | | | १ |
| बहुअपाङ्गता | ३ | १ | १ | ५ |
| **कुल जम्मा** | **१६४** | **६०** | **१८** | **२४२** |

हाम्रो सर्वेक्षणमा सहभागी भएका कुल २४२ जना उत्तरदातामध्ये २३६ लाई सरकारले अपाङ्गताको परिचयपत्र प्रदान गरेको छ । अन्य ६ जना उत्तरदातासँग भने सरकारले प्रदान गर्ने परिचय पत्र थिएन ।

सर्वेक्षणमा सहभागी जम्मा २४२ जना उत्तरदातामध्ये कम्तिमा एक चौथाई उत्तरदातासँग एउटा विश्वविद्यालय तहको डिग्री छ । सहभागी ७५ प्रतिशत उत्तरदाताले विद्यालय स्तरको शिक्षा पूरा गरेका थिए । कहिल्यै स्कूल भर्ना नभएका वा विद्यालयमा पढ्न नगएका १७ जना थिए । तीमध्ये केहीले विद्यालय नजानुको मुख्य कारणको रूपमा गम्भीर प्रकृतिको अपाङ्गता भएको र अर्को महत्त्वपूर्ण कारण स्कूल जाने बाटोको समस्या र दूरीको उल्लेख गरेका थिए ।

**तालिका २** **उत्तरदाताको शैक्षिक योग्यता**

| शैक्षिक योग्यता | उत्तरदाताको संख्या |
|---|---|
| उच्च माध्यमिक विद्यालय तह | ११७ |
| स्नातक तह | ५२ |
| प्राथमिक विद्यालय तह | ४५ |
| कहिल्यै विद्यालय नगएका | १७ |
| स्नातकोत्तर तह वा सोभन्दा माथि | ११ |
| **कुल जम्मा** | **२४२** |

दृष्टिसम्बन्धी अपाङ्गता भएका लगभग ५५ प्रतिशत व्यक्तिहरूलाई ब्रेल लिपिको साक्षरता भएको देखिन्छ । बहिरा वा सुनाइ तथा बोलाइको अपाङ्गता भएका १५ जना महिलामध्ये ११ जना साङ्केतिक भाषा प्रयोग गर्न सक्षम छन् । एक जना मात्र बहिरा महिला साङ्केतिक भाषा प्रयोग गर्न नआउने हुनुहुन्थ्यो । जम्मा २४२ जना मध्ये ११४ उत्तरदाता या त सांकेतिक भाषा वा ब्रेलमा साक्षर रहेका छन्

**तालिका ३** **ब्रेल साक्षर उत्तरदाता**

| दृष्टिविहीनताको प्रकार | ब्रेल लिपि प्रयोग गर्न सक्ने | ब्रेल लिपि प्रयोग गर्न नसक्ने | कूल |
|---|---|---|---|
| पूर्ण दृष्टिविहीन | ६७ | ९ | ७३ |
| न्यून दृष्टियुक्त | ३० | २४ | ५४ |
| **कुल जम्मा** | **९७** | **३३** | **१३०** |

सर्वेक्षणमा सहभागी कूल २४२ जना उत्तरदातामध्ये १३६ जना महिलाले कुनै एक प्रकारको सहायक उपकरण प्रयोग गर्दथे। ३२ प्रतिशत उत्तरदातालाई उनीहरूका दैनिक जीवनका कार्य अघि बढाउनका लागि कुनै न कुनै प्रकारका सहायक उपकरणको आवश्यकता पर्दछ। तर त्यस्ता उपकरणमा उनीहरूको पहुँच भने छैन।

**तालिका ४** **सहायक उपकरण र उपकरण को उपयोग**

| सहायक उपकरणको प्रयोग | अपाङ्गताको प्रकार | | | |
|---|---|---|---|---|
| | पूर्ण र अति अशक्त अपाङ्गता | मध्यम अपाङ्गता | सामान्य अपाङ्गता | कुल |
| गर्छु | ११३ | १९ | ४ | १३६ |
| गर्दिन | ३९ | ३० | ९ | ७८ |
| कुनै आवश्यकता छैन | १२ | ११ | ५ | २८ |
| कुल जम्मा | **१६४** | **६०** | **१८** | **२४२** |

आर्थिक निर्भरताको सन्दर्भमा २४२ जना उत्तरदातामध्ये ४६ जनाको रोजगारी वा व्यवसायबाट नियमित आयस्रोत भएको देखिन्छ जबकि ११६ जना उत्तरदाता परिवारका अन्य सदस्यको कमाइमा निर्भर रहेका थिए। उत्तरदातामध्ये ४२ जनाले सरकारबाट मासिक भत्ता प्राप्त गर्दछन्। काम गर्न सक्षम भएकाहरूको ठूलो संख्या बेरोजगार छ र उनीहरूले कामको खोजी गरिरहेका छन्।

**अपाङ्गता भएका कार्यरत युवा महिलाहरूको कामको प्रकृति निम्नअनुसार रहेको भेटिन्छ:**

- शिक्षण
- गैरसरकारी संस्थाहरूमा सामाजिक कार्यकर्ता र प्रशिक्षकहरू
- सञ्चार र फोन कल ह्यान्डलिंग
- बैंक वा अन्य कार्यालयहरूमा प्रशासनको काम
- सशुल्क घरेलु हेरचाहको कार्य
- कार्यालय, बैंक, अनुसन्धान संस्थाहरुका लागि
- रेडियो जकी/प्रेसका कर्मचारी
- मनोसामाजिक परामर्श
- पसल सहायक

कार्यरत उत्तरदाताका रुपमा सरकारी विद्यालयका शिक्षक धेरै सहभागी थिए । उनीहरू अपाङ्गता भएका बालबालिकाहरूलाई पढाउँदैनन्, तीमध्ये धेरैजसो अपाङ्गता नभएका बालबालिकाहरूलाई पढाउँछन् । उनीहरूले आफ्नो क्षमता र आफू काम गर्न सक्षम रहेको कुरा आफ्नो कामबाट नै प्रमाणित गरिरहेका छन् ।

सर्वेक्षणको नतिजा हेर्दा हाल काम गरिरहेका धेरै महिलामध्ये एक तिहाइभन्दा कमले मात्र सार्वजनिक सूचना, सामाजिक मिडिया वा रोजगार पोर्टलको माध्यमबाट रोजगारका अवसरबारे जानकारी पाएको बताएका थिए । अन्य काम गरिरहेका महिलाहरूलाई साथीहरूद्वारा सिफारिस गरिएको थियो । यस तथ्यले अपाङ्गता भएका युवा महिलाका लागि रोजगारीको अवसर सार्वजनिक सूचनाको सट्टा आफ्नो सम्पर्क र साथीको सहयोगमा निर्भर रहेको देखिन्छ । सार्वजनिक रुपमा सूचना नपाइने हुनाले रोजगारी प्राप्त गर्न अझ असजिलो भएको छ ।

**तालिका ५ अपाङ्गता भएका युवा महिलाहरूका रोजगारदाताका प्रकार**

| रोजगार प्रदायक | प्रतिशत |
|---|---|
| स्थानीय सरकारसहित सरकारी कार्यालय | ४२.८६ प्रतिशत |
| गैरसरकारी संस्था | २२.८६ प्रतिशत |
| स्वरोजगार | १७.१४ प्रतिशत |
| समुदाय आधारित संगठनहरू | ५.७१ प्रतिशत |
| निजी फर्म / कम्पनी | ११.४३ प्रतिशत |
| **कुल जम्मा** | **१०० प्रतिशत** |

लगभग आधा जसो उत्तरदाता श्रम ऐननियमअनुसार पाउनुपर्ने न्यूनतम तलब मापदण्डभन्दा कम तलबमा कार्यरत छन् । ४५.१ प्रतिशत अपाङ्गता भएका युवा महिलाहरूलाई नियमित आयको रूपमा १५ हजारभन्दा कम मासिक तलब दिइन्छ । एकातिर अपाङ्गता भएका निकै थोरै युवा महिलाहरूमात्र रोजगारीको अवस्थामा छन् भने अर्कोतिर उनीहरूलाई अन्य व्यक्तिको तुलनामा धेरै कम तलब दिइन्छ ।

| उत्तरदाताहरू | ४५.७१ प्रतिशत | १४.२९ प्रतिशत | २५.७१ प्रतिशत | १४.२९ प्रतिशत |
|---|---|---|---|---|
| तलब दायरा | १० देखि १५ हजार | १५ देखि २५ हजार | २५ देखि ३० हजार | ३० हजार माथि |

रोजगारीमा आबद्ध रहेका लगभग सबैजसो महिलाहरुलाई सामाजिक सुरक्षा कोषमा दर्ता गरिएको पाइएन । आर्थिक अवस्था कमजोर हुनेहरूका लागि सामाजिक सुरक्षा कोष धेरै नै महत्त्वपूर्ण छ । तर यहाँ सर्वेक्षणमा सहभागी धेरै युवा महिलाहरू सामाजिक सुरक्षाको पहुँचबाट बाहिर देखिन्छन् ।

रोजगारीमा आबद्ध ५१.४३ प्रतिशत उत्तरदाताले आफूले काम गर्ने कार्यालयमा आधारभूत अपाङ्गता मैत्री पूर्वाधार जस्तैः र्याम्प, आराम कोठा, श्रव्य दृश्य सूचना बोर्डसहितका सुविधा नभएको बताएका छन् । सर्वेक्षण गरिएका २२.६५ प्रतिशत महिला कार्यरत रहेका कार्यालय भवनमा आंसिक सुविधा रहेका देखिन्छन् । २५.१५ प्रतिशत भवनमा र्याम्प र अपाङ्गता मैत्री आराम कोठा दुबै छन् तर ती कार्यालयमा दृष्टिविहीनलाई सहयोग पुग्ने आवाजसहितका सूचनापाटी छैनन् । कार्यालय र संघसंस्थाहरूले कार्यरत कर्मचारीलाई क्षमताअनुसारको कामको बाँडफाँट गरेका छैनन् । अधिकांश कार्यालयले सामान्य कामको जिम्मेवारी तोक्छन् ।

२४२ जना उत्तरदातामध्ये २०८ जना बेरोजगार रहेका थिए । उनीहरूमध्ये ६५.७० प्रतिशत अपाङ्गता भएका महिलाले कहिल्यै रोजगारीको अवसर पाएका छैनन् ।

युवा महिला किन धेरै बेरोजगार छन् भन्ने एउटा खुल्ला प्रश्न सोधिएको थियो । ४१.५५ प्रतिशत उत्तरदाताले आफ्नो प्रयासको बावजूद कुनै अवसर नपाएको बताएका थिए । यसको मतलब यो हो कि सकारात्मक विभेद तथा आरक्षण नभई सिप भएका उत्तरदाताहरूलाई पनि काम पाउन धेरै असजिलो भइरहेको छ । अन्य धेरै मुद्दा छन् जुन अपाङ्गता भएका युवा महिलाको रोजगारका लागि प्रतिकूल पनि छन् । जस्तैः रोजगारी खुलेका सूचना पहुँचमा नहुने, प्रतिकूल पारिवारिक वातावरण भएको, काम पाइहाले पनि परिवारका सदस्यले काम गर्न अनुमति नदिने आदि । बेरोजगार रहेका उनीहरूलाई काम गर्नका लागि रुचिबारे सोध्दा आफूले अवसर पाएको खण्डमा अत्यधिक काम गर्ने चाहना भएको बताएका थिए । २०८ जनामध्ये जम्मा २० जना उत्तरदाताले मात्र कुनै पनि काम वा व्यापार गर्न इच्छुक नभएको बताएका थिए । त्यसरी इच्छुक नहुनुको कारण धेरैले आफ्नो शारीरिक असमर्थता नै रहेको बताएका थिए । केहीले अघिल्लो रोजगारीका क्रममा कार्यक्षेत्रमा आफूमाथि अपमानजनक व्यवहार भएको धेरै नराम्रो अनुभव पनि सुनाएका थिए ।

कम्तीमा विश्वविद्यालयको डिग्री भएका व्यक्तिमध्ये २५ प्रतिशत रोजगारमा छन् । तर अपाङ्गता भएका मास्टर्स डिग्री पूरा गरेका ४ जनामध्ये १ जना महिला मात्र सर्वेक्षणका बेला बेरोजगार रहेको देखियो ।

**तालिका ६ अपाङ्गता भएका युवा महिलाहरूले प्राप्त गरेका सिप**

| सिप र तालिम | सिप र तालिम भएका उत्तरदाताहरूको संख्या |
|---|---|
| आधारभूत कम्प्युटर प्रशिक्षण | ६८ |
| कढाई र सिलाइ तालिम | २७ |
| वेटर, खाना पकाउने र आतिथ्य, कफी र बेकरी | १४ |
| मैनबत्ती बनाउने | ११ |
| धूप (अगरबत्ती) प्रशिक्षण | ११ |
| रेडियो उद्घोषण, आधारभूत कम्प्युटर सिपसहितका आर.जे. | १० |
| व्यक्तित्व विकास र नेतृत्व | ९ |
| अनुदान प्रस्ताव लेखन, परियोजना व्यवस्थापन र रिपोर्ट लेखन | ९ |
| पुतली र कुशन बनाउने | ८ |
| साङ्केतिक भाषा | ७ |
| साबुन बनाउने | ७ |

| | |
|---|---|
| अपाङ्गता भएका व्यक्तिको अधिकार र कानुनी शिक्षा | ७ |
| सङ्गीत वाद्ययन्त्र र गायन | ६ |
| मनोसामाजिक परामर्श | ५ |
| अङ्ग्रेजी भाषा | ५ |
| क्रिस्टल बनाउने | ५ |
| ब्युटिसियन र सौन्दर्य पार्लर प्रशिक्षण | ४ |
| बैंकिङ ग्राहक सेवा र व्यावसायिक सिप प्रशिक्षण | ३ |
| कल सेन्टर ह्यान्डलिंग सिप | ३ |
| मोबाइल र घडी मर्मत प्रशिक्षण | ३ |
| कागजका खेलौना निर्माण | ३ |
| चित्रकला | ३ |
| फिजियोथेरापी / मसाज | ३ |

विभिन्न प्रकारका तालिम प्राप्त गरेका यी उत्तरदातामध्ये ९० जनाले उनीहरूले काम गरिरहेका क्षेत्रसँग सम्बन्धित प्रशिक्षण प्राप्त गरेका छन् । १४० जना उत्तरदाताले नयाँ सिपसम्बन्धी तालिम पाएका छन् जसले उनीहरूलाई अझ बढी नयाँ खालको सिप प्राप्त गर्ने अवसर मिलेको छ । जसले उनीहरूलाई राम्रो रोजगारीको अवसर प्रदान गर्न सक्दछ । ३८.४६ प्रतिशत उत्तरदाताले मात्र उनीहरूको कामसँग सम्बन्धित तालिम र सिप प्राप्त गरेका छन् । यस्ता खाले तालिम तथा प्रशिक्षणले उनीहरूको जीवनस्तर र कामको गुणस्तर बढाउन मदत गरेको छ । लगभग ६२ प्रतिशत उत्तरदातालाई आफूले प्राप्त गरेको प्रशिक्षण तथा सिप रोजगार वा जीवनको गुणस्तर सुधारको लागि सहयोगी छैन भन्ने लाग्छ । तसर्थ तालिम तथा सिप प्रदान गर्ने संघसंस्थाले आफूले दिइरहेको प्रशिक्षणको प्रकार र तौरतरिकामा पुनर्विचार गर्नु आवश्यक देखिन्छ ।
उत्तरदाताको ठूलो संख्याले नियमित यात्राका लागि सार्वजनिक यातायातको उपयोग गरिरहेको पाइयो । हाम्रो सार्वजनिक यातायात प्रणालीलाई उनीहरूको यात्राको सुविधाका लागि अपाङ्गता मैत्री बनाउन अति नै आवश्यक देखिन्छ । रोजगारका क्षेत्रमा उनीहरूको पहुँच बढाउन र हरेक दिन आफै यात्रा गरेर रोजगारीमा आउजाउ गर्न अपाङ्गता मैत्री सार्वजनिक यातायात एकदमै महत्त्वपूर्ण हुन्छ । अहिले नेपालका यातायातका साधनमा र्याम्प, अडियो वा भिजुअल सूचनाजस्ता आधारभूत सुविधा छैनन् । २४२ जनामध्ये २३१ जनाले सडक र पूर्वाधारलाई अपाङ्गता मैत्री बनाउनका लागि केही प्रयास भएको भन्ने कुरामा विश्वास नभएको बताएका थिए ।

२८.८२ प्रतिशत अपाङ्गता भएका युवा महिलाहरूले पछिल्लो ३ वर्षभित्र आफ्नो कार्यस्थलमा भेदभाव र हिंसासम्बन्धी कुनै न कुनै प्रकारको अनुभव भएको बताए । भेदभाव वा हिंसा भोग्नेमध्ये ३६.७३ प्रतिशतले आफूले भोगेको घटनाबारे कसैलाई कहिल्यै भनेका छैनन्, ५३ प्रतिशतले आफ्नो परिवारका सदस्य र नजिकका साथीसँग अनुभव साटेका छन् र १०.२ प्रतिशतले पुलिस वा सम्बन्धित प्रशासन कार्यालयमा रिपोर्ट गरेका छन् ।

अहिलेको डिजिटल युगमा मोबाइल फोन तथा इन्टरनेटमा पहुँच हुनु एकदमै महत्त्वपूर्ण कुरा हो । ६.२० प्रतिशत उत्तरदातासँग अझै पनि मोबाइल फोन उपलब्ध छैन । लगभग ९४ प्रतिशत अपाङ्गता भएका युवा महिलाहरूसँग मोबाइल फोन हुनु सूचना प्रविधिसँग जोडिएको सकारात्मक पक्ष हो । तीमध्ये ७५ प्रतिशतभन्दा बढी युवा महिलाहरूसँग स्मार्ट टच स्क्रिन मोबाइल सेट छ ।

**तालिका ७** **उत्तरदाताको स्वामित्वमा रहेको मोबाइल फोनको प्रकार**

| | |
|---|---|
| टच स्क्रिन भएका स्मार्टफोन | **७५.६२ प्रतिशत** |
| की प्याडमा आधारित आधारभूत मोबाइल सेट भएका | **१८.१८ प्रतिशत** |
| मोबाइल फोन नभएका | **६.२० प्रतिशत** |

**तालिका ८** **उत्तरदाताले अनलाइन वा इन्टरनेटका माध्यमबाट गर्ने गतिविधिहरू**

| इन्टरनेटको उपयोग | प्रतिक्रियाहरू |
|---|---|
| शैक्षिक अनुसन्धान र जुम बैठकसहित अन्य | ३.९० प्रतिशत |
| माइक्रोसफ्ट अफिस प्याकेजसहित वर्ड, एक्सेल र पावर प्वाइन्ट | ६.८३ प्रतिशत |
| फेसबुक, युट्युब, टिकटक, इन्स्टाग्राम र ट्विटरजस्ता सामाजिक सञ्जालको प्रयोग | ८७.८० प्रतिशत |
| विशेष प्राविधिक सिप तथा कामहरू जस्तैः वेब विकास, ग्राफिक डिजाइन, सङ्गीत रेकर्ड आदिसँग सम्बन्धित सफ्टवेयर | १.४७ प्रतिशत |
| **कुल जम्मा** | **१००प्रतिशत** |

बैंकिङ र वित्तीय पहुँचबारे कुरा गर्दा उत्तरदातामध्ये १९० जनाको विभिन्न बैंकमा खाता रहेको छ । यसको अर्थ ७८.५१ प्रतिशत अपाङ्गता भएका महिलाहरूको बैंकिङ लेनदेनमा पहुँच छ भन्ने कुरा अवगत हुन्छ । धेरैजसो उत्तरदाताले कसैको सहयोग विना नै आफैले बैंकमा गएर खाता खोलेको बताए । यसले हामीलाई धेरै जसो अपाङ्गता भएका युवा महिला आफै वित्तीय सेवाको उपयोग गर्न सक्षम छन् भन्ने कुरा बुझ्न मदत गर्दछ । दुर्भाग्यवश जम्मा ३० प्रतिशत बैंक खातावालाको मात्र एटीएम कार्डमा पहुँच छ । ४२ प्रतिशत उत्तरदाताको अनलाइन बैंकिङ सेवामा पहुँच देखिन्छ । बैंकहरूले अझै पनि अपाङ्गता भएका अधिकांश महिलाहरूलाई एटीएम कार्ड र अनलाइन बैंकिङ सुविधा प्रदान गरेका छैनन् । एटीएम कार्ड भएकामध्ये २१.५ प्रतिशतलाई एटीएम बुथभित्र गएर सेवा लिन निकै गाह्रो भएको छ । एटीएम मेसिनको उपयोग गर्ने सुविधा अपाङ्गता मैत्री छैनन् । १३० जना दृष्टिविहीन उत्तरदातामध्ये जम्मा २२ जनासँग मात्र एटीएम कार्डको पहुँच भएको देखिन्छ ।

**तालिका ९** **विविध अपाङ्गता भएका व्यक्तिको अनलाइन बैंकिङ सेवामा पहुँच**

| अपाङ्गताको प्रकार | अनलाइन बैंकिंङ सेवाको लागि पहुँच | | |
|---|---|---|---|
| | छ | छैन | कुल |
| शारीरिक अपाङ्गता | ३४ | ५० | ८४ |
| पूर्ण दृष्टिविहीन, न्यून दृष्टियुक्त | ३७ | ९३ | १३० |
| बहिरा, सुस्त श्रवण | ६ | ६ | १२ |
| श्रवण दृष्टिविहीन अपाङ्गता | १ | ६ | ७ |
| मानसिक वा मनोसामाजिक अपाङ्गता | १ | १ | २ |
| बौद्धिक अपाङ्गता | ० | १ | १ |
| अटिज्मसँग सम्बन्धित अपाङ्गता | ० | १ | १ |
| बहुअपाङ्गता | १ | ४ | ५ |
| **कुल जम्मा** | **८०** | **१६२** | **२४२** |

## २.४ अपाङ्गता भएका युवा महिलाहरूमा कोभिड महामारीको प्रभाव

धेरैजसो अपाङ्गता भएका युवा महिलाहरूले महामारीको समयमा भोग्नु परेका विभिन्न कठिनाइ तथा सामना गर्नु परेका चुनौतीका बारेमा थुप्रै अनुभवजन्य कुराहरू सुनाएका थिए । यस विषयमा उनीहरूमा देखिएका प्रमुख चिन्ता र परेका प्रभाव यस प्रकार रहेका छन् :

- यात्राको लागि कठिनाइः कोरोना महामारी बढेका बेला सबैतिर प्रतिबन्ध लगाइएका कारण बजार तथा बाहिर निस्किन गाह्रो, मेडिकल चेकअपमा जान बाधा, अस्पताल जान पनि असहजता,
- आर्थिक समस्याः जागिर गुमेको अवस्था, आय कम, व्यापार बन्द, स्वरोजगार व्यवसायबाट उत्पादन बिक्रीमा कमी आएको,
- जागिरसम्बन्धी मुद्दाः नयाँ जागिर खोज्नका लागि गाह्रो, कोही अधिक घण्टा ड्युटी गर्न बाध्य, भुक्तानी र तलबमा कमी आएको,
- शिक्षासम्बन्धी मुद्दाः विश्वविद्यालयमा भर्ना नखुलेको तथा कक्षा अपग्रेड गर्नमा समस्या देखिएको, अनलाइन कक्षामा सहभागी हुन कठिनाई भएको, परीक्षाहरू स्थगित भएका, शैक्षिक वर्षमा क्षति तथा अनिश्चितता, विद्यार्थीहरूलाई निराश र हतोत्साहित बनाएको,
- मानसिक स्वास्थ्यसम्बन्धी समस्याः तनाव र डिप्रेशन, रोगको डर बढ्दै, घरमा दिक्क लाग्दो अवस्था, परिवारमा बोझ भएको अनुभूति,
- अन्य कामको बोझ, जस्तैः बच्चाहरू घरमा बस्ने भएकाले उनीहरूको हेरचाह गर्नु पर्ने अवस्था,
- सामाजिक अन्तरक्रिया न्यून, अन्य छिमेकीसँग मदत लिन कठिनाइ, कारणः धेरै मानिस सञ्चार सम्पर्कबाट अलग भएका र बाहिरी मानिससँग अन्तरक्रिया गर्न गाह्रो भएको अवस्था ।

कोभिड सङ्क्रमण बढेका बेला भएको लकडाउन वा प्रतिबन्धको अवधिका दौरानमा लगभग दुई तिहाई अपाङ्गता भएका महिलाहरूलाई जम्मा एक पटक राहत वा सहयोग प्राप्त भएको थियो । त्यो सहयोग निरन्तर रुपमा प्राप्त हुन सकेन । त्यो राहत आवश्यकताको अध्ययन गरेर वितरण गरिएको थिएन । लगभग सबै उत्तरदाताले वितरण प्रणाली असमान र भेदभावपूर्ण भएको गुनासो गरे । अपाङ्गता भएका युवा महिलामध्ये एक तिहाइ जतिले महामारीको समयमा कुनै किसिमको राहत प्याकेज प्राप्त नगरेको बताए । अनुसन्धान टोलीले उनीहरूले राहत वा सहयोग नपाउनुको कारण पत्ता लगाउने कोसिस गरेको थियो । त्यसको प्रमुख कारण जानकारीको अभाव हुनु वा सार्वजनिक रुपमा सूचनामा कुनै किसिमको पहुँच नभएको भेटियो । ती उत्तरदातालाई यस्तो राहत वा सहयोगको उपलब्धताबारे समयमा सूचित गरिएको थिएन ।
केही उल्लेखनीय कारण यस प्रकार रहेका छन् :

- राहत वितरण कार्यक्रमबारे जानकारी प्राप्त नभएको
- उनीहरूको क्षेत्रमा राहत वितरण नगरिएको र वितरण गरिएको स्थान टाढा रहेको र त्यहाँ पुग्नका लागि कठिनाइ भएको
- वितरण स्थान तथा प्रणाली अपाङ्गता मैत्री नभएको
- वितरण प्रक्रिया भेदभावपूर्ण रहेको
- राहत पाउन योग्य नभएको भन्दै वेवास्ता गरिएको
- कतिपयको परिवार आर्थिक रूपमा सक्षम भएकाले राहतको आवश्यकता नभएको
- आयस्रोतको माध्यम जागिर वा अन्य क्षेत्र पनि भएकाले राहत सहयोग नदिइएको

# ०३ अनुसन्धानका प्रमुख नतिजा

**नतिजा १: अपाङ्गता भएका युवा महिलामा मात्र नभई अपाङ्गता भएका सबैखाले व्यक्तिका लागि आर्थिक गतिविधिहरूमा सक्रिय रहनु निकै चुनौतीपूर्ण रहेको देखियो।**

अन्तरवार्तामा सहभागी लगभग सबैजसो उतरदाताहरूले रोजगारीमा पहुँचका आधारमा अपाङ्गता भएका युवा महिलाको अवस्था मात्र होइन अपाङ्गता भएका सबैजसो व्यक्तिहरूको अवस्था नै चुनौतीपूर्ण रहेको बताए। बहुसङ्ख्यक उत्तरदाताले नेपालको सन्दर्भमा अपाङ्गता भएका महिलाका साथै सबैखाले त्यस्ता व्यक्तिको आर्थिक गतिविधिमा सहभागिता न्यून रहेको बताए ।

**नतिजा २: अपाङ्गता भएका व्यक्तिहरूको र विशेष गरेर अपाङ्गता भएका युवा महिलाको रोजगारीको सन्दर्भमा समाजको रुढिवादी दृष्टिकोण रहेको देखिन्छ।**

बढीजसो रोजगारप्रदायकहरू साथै नेपाली समाजका बहुसङ्ख्यक सदस्यहरूले रोजगारीका लागि अपाङ्गता भएका व्यक्तिको क्षमतामाथि विश्वास नगरेको पाइयो। अन्तर्वार्ताका बढीजसो सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरूको अवस्थामा विगतको तुलनामा निकै सुधार आएको प्रतिक्रिया दिए र पनि सबैजसो उत्तरदाताहरू अमाबुवाहरू नै आफ्ना छोरीहरूलाई छोराहरूको तुलनामा रोजगारमूलक तालिमका लागि पठाउन अनिच्छुक रहेको कुरामा सहमत देखिन्थे। उत्तरदाताहरूका अनुसार नीतिनिर्माण तहमा रहेकाहरू रुग्ण मानसिकताले ग्रस्त छन् किनभने उनीहरू “अपाङ्गता भएका व्यक्तिहरू काम गर्न सक्षम छैनन् र उनीहरू देशको उत्पादनशील नागरिक मानिँदैनन्” भन्ने सोच्दछन्।

**नतिजा ३: अपाङ्गता भएका व्यक्तिहरूको मूल्याङ्कन उनीहरूले गर्नसक्ने कामको आधारमा नभई उनीहरूको अपाङ्गताका आधारमा गरिने गरेको छ।**

अन्तर्वार्तामा सहभागी अपाङ्गता भएका युवा महिलाले रोजगारीका लागि अन्तर्वार्ताका क्रममा अन्तर्वार्ताकारहरूले आफूहरूप्रति सहानुभूति जनाएको अनुभव गरेका थिए। उनीहरूका अनुसार रोजगारदाताहरूले सबैभन्दा पहिला उनीहरूमा भएको सीप र क्षमताबारे सोध्नुभन्दा पनि उनीहरूको अपाङ्गतासम्बद्ध समस्याबारे सहानुभूतिपूर्वक सोधेका थिए।

**नतिजा ४: अपाङ्गता भएका युवा महिलाले रोजगारी प्राप्त गर्न निकै सङ्घर्ष गर्नुपर्ने अवस्था रहेको र रोजगारी प्राप्त गरे पनि उनीहरूले न्यून पारिश्रमिकका लागि निकै कठिन परिश्रम गर्नु परेको छ।**

सामान्यतया अपाङ्गता भएका युवा महिलाहरूलाई रोजगारी प्राप्त गर्न कठिनाइ भएको देखिन्छ। उनीहरूले रोजगारी पाइहाले पनि न्यून पारिश्रमिकमा निकै बढी खटिनु पर्ने अवस्था रहेको छ। अन्यथा उनीहरूले आफ्नो योग्यतासुहाउँदो जागिर पनि पाउने गरेका छैनन्। थेरै उत्तरदाताले बढीजसो अपाङ्गता भएका युवा महिलाले आफ्नो कमजोर आर्थिक अवस्था, रोजगारीका न्यून सम्भावना र लामो समय बेरोजगार बस्न नसक्ने अवस्थाका कारण जागिरमा न्यून पारिश्रमिक स्वीकार गर्नु परेको तथ्य पुष्टि गरेका छन्।

**नतिजा ५: धेरैजसो अपाङ्गता भएका व्यक्तिले यातायात र काम गर्ने ठाउँसम्म पहुँच पुर्याउने मामिलामा चुनौतीहरूको सामना गर्नु परेको छ।**

बहुसङ्ख्यक उत्तरदाताहरूले युवा महिलाहरूले रोजगारीको अवसर प्राप्त गरे पनि त्यस प्रकारको रोजगारीको निरन्तरताका लागि काम गर्ने स्थानसम्म उनीहरूको सहज पहुँच र त्यहाँ उनीहरूमाथि हुने दुर्व्यवहारजस्ता कुरामा निर्भर रहने विषयमा विशेष जोड दिएका थिए।

**नतिजा ६: अपाङ्गता भएका युवा महिलाले रोजगारीका लागि पर्याप्त परामर्श पाउँदैनन्।**

अन्तर्वार्ताबाट खुल्न आएको अर्को महत्त्वपूर्ण पाटो अपाङ्गता भएका युवा महिलाहरूले पाउने गरेको रोजगारीसम्बद्ध परामर्शको न्यून अवसरसँग सम्बन्धित रहेको छ। प्राप्त प्रतिक्रियाका अनुसार बहुसङ्ख्यक अपाङ्गता भएका युवा महिलाले रोजगारीका लागि पर्याप्त परामर्श सुविधा प्राप्त गरेका हुँदैनन्। उनीहरूले आफूले बुझ्ने माध्यममा सूचना पाउने गरेका हुँदैनन्।

**नतिजा ७: तनावपूर्ण काम गराइका अवस्था र काम गराइको क्रममा हुने शोषणका कारण युवा महिलामा केही प्रजनन स्वास्थ्यसँग सम्बन्धित समस्या देखिने गरेका छन्।**

अपाङ्गता भएका केही युवा महिलाले तनावपूर्ण वातावरणमा काम गर्नुपर्ने अवस्था र काम गराइका क्रममा शोषणका कारण प्रजनन स्वास्थ्यसँग सम्बन्धित समस्याबाट ग्रसित हुनुपरेको बताएका छन्। यहाँसम्म कि काम गर्ने स्थान लैङ्गिकमैत्री छैनन् र उचित स्वास्थ्य परामर्श प्रदान गर्ने समावेशी स्वास्थ्य सुविधाहरूसम्म उनीहरूको उचित पहुँच छैन।

**नतिजा ८: अपाङ्गता भएका बालकको तुलनामा अपाङ्गता भएकी बालिकाले शिक्षाको अवसर कम प्राप्त गर्ने गरेकी छिन्।**

पहिला त शिक्षाका लागि सहयोग प्रणालीको नै अभाव छ साथै अपाङ्गता भएका बालिकाहरूमाथि यौनजन्य र लैङ्गिक दुर्व्यवहार हुने बढी सम्भावना रहेका छन्। अपाङ्गता नभएका बालबालिकाको तुलनामा अपाङ्गता भएका बालबालिका ढिलो गरी विद्यालय जाने गरेका छन्। साथै उनीहरू त्यस्ता विद्यालयमा भर्ना हुने गरेका छन् जहाँ अपाङ्गता भएका बालबालिकालाई शिक्षा प्रदान गर्न आवश्यक सहयोग प्रणालीको अभावका कारण उनीहरूले भनेजस्तो शिक्षा नपाउने सम्भावना रहेको हुन्छ। देवकोटा र बगाले (२०१५) का अनुसार कामकाजी बालबालिका र अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर रहने सम्भावना बढी रहन्छ र त्यसमा पनि बालिकाको सङ्ख्या बढी रहेको छ। यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने बढीजसो अपाङ्गता भएका बालिकाहरूले माथिल्ला कक्षाहरूमा कक्षा छाड्ने गरेको पाइएको छ।

**नतिजा ९: विद्यमान शिक्षा नीति र पाठ्यक्रमले न अपाङ्गता भएका युवा महिलाका मुद्दा सम्बोधन गर्छन् न उनीहरूलाई भविष्यमा रोजगारीका अवसर प्राप्त गर्नका निम्ति राम्ररी तयार नै गर्छन्।**

उत्तरदाताहरूका कथनअनुसार नेपालमा विद्यमान शिक्षा नीति र पाठ्यक्रममा अपाङ्गता भएका युवा महिलालगायतका अपाङ्गता भएका व्यक्तिहरूका मुद्दा स्पष्टसँग उल्लेख गरिएका छैनन्। कोभिड- १९ महामारीकालमा लागू गरिएका प्रतिबन्धका दौरान प्रयोगमा आएका डिजिटल प्लेटफर्महरूमा अपाङ्गता भएका बालबालिकाहरूबारे बिरलै ख्याल गरिएको छ। बहुसङ्ख्यक युवा महिलाहरूलाई लोकसेवाका परीक्षाको तयारी र अन्य रोजगारीसम्बद्ध सिपबारे आवश्यक तालिमको कमी रहेको छ। उत्तरदाताहरू स्पष्टसँग अपाङ्गता भएका युवा महिलाका निम्ति रोजगारीका अवसर बढाउनका लागि उचित तालिम, बजारीकरण र आत्मविश्वास बढाउने कार्यक्रमको अभाव भएको बताउँछन्।

**नतिजा १०: स्थानीय निकायहरूसँग सामान्य अवस्थाका सीमान्तीकृत र वञ्चित वर्गका लागि थुप्रै कार्यक्रम रहेका छन् तर अपाङ्गता भएका युवा महिलाका लागि भने कुनै खास व्यवस्था छैन।**

अन्तर्वार्ताका दौरान थाहा हुन आएको एउटा महत्त्वपूर्ण कुरा के हो भने स्थानीय निकायहरूसँग सीमान्तीकृत, दलितलगायत अन्य वञ्चित वर्गका निम्ति थुप्रै कार्यक्रम रहेका छन्। यद्दपि अपाङ्गता भएका व्यक्तिहरू र त्यसमा पनि अपाङ्गता भएका युवा महिलाका निम्ति भने ती निकायहरूसँग नगण्य मात्रामा कार्यक्रम रहेका छन्।

**निष्कर्ष ११: अपाङ्गता भएका बढीजसो व्यक्ति र विशेष गरेर अपाङ्गता भएका महिलाहरु विद्यमान नीति प्रावधानबारे अनभिज्ञ रहेका छन्।**

कतिपय अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूका निम्ति के-कस्ता नीति र प्रावधानहरू सान्दर्भिक छन् भन्नेबारे समेत थाहा छैन। त्यस्तै गरी अपाङ्गता भएका व्यक्तिहरूले वर्तमान कानुनी प्रावधानका आधारमा उनीहरूका के-के अधिकार रहेका छन् भन्नेबारे आफैँ सचेत हुनुपर्ने देखिन्छ।

**नतिजा १२: 'अपाङ्गता भएका व्यक्तिहरूले काम गर्न सक्दैनन्' भन्नेजस्ता सामाजिक भाष्य परिवर्तन गर्न थप कानुनी र नीतिगत प्रावधानहरू चाहिन्छन्।**

अन्तर्वार्ताका अधिकांश उत्तरदाताहरू विद्यमान ऐन-कानुन तथा नीतिहरू अपाङ्गता भएका युवा महिलाहरूका निम्ति रोजगारीको अनुकूल वातावरण निर्माणका निम्ति पर्याप्त छैनन् भन्ने कुरामा विश्वास गर्छन्।

**नतिजा १३: नीति निर्माण मात्र पर्याप्त छैन, स्थानीय समुदाय स्तरमा तिनलाई लागू गर्न सरोकारवालाको सामुहिक प्रयास**

**आवश्यक छ।**

नीति निर्माण गर्दैमा मात्र जीवन सहज हुँदैन अथवा अर्को शब्दमा भन्नु पर्दा नीतिहरू आफै मात्रले अपाङ्गता भएका युवा महिलालाई जागिर प्रदान गर्न सक्दैनन्। थेरैजसो नीति सरोकारवालाका सामुहिक प्रयासका कारण काम गर्न हुन्छन्। कतिपय अवस्थामा सार्वजनिक नीतिहरू हुँदाहुँदै पनि तिनीहरूलाई समुचित रूपले लागू गरिएको हुँदैन। झन् कोभिड- १९ महामारीले त समुदाय र सरोकारवाला समक्ष त्यस्ता नीतिहरूको समुचित उपयोग गर्ने बाटोमा अवरोध सिर्जना गरिदिएको छ। केन्द्रीय सरकारले ऐन र कानुन बनाएको छ तर ती कानुनी प्रावधानहरू कार्यान्वयन गर्ने दायित्व बोकेका स्थानीय सरकारजस्ता निकाय तिनका मूलभूत मूल्य र मान्यताबारे अनभिज्ञ रहेका छन्।

**नतिजा १४: परिवार र आफन्तहरूको मानसिकता र भूमिका महत्त्वपूर्ण**

रोजगारीसम्बन्धी नीतिहरू सफल बनाउन परिवारका साथै नजिकका आफन्तहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। अन्तर्वार्ताका क्रममा उत्तरदाताहरूबाट बारम्बार दोहोरिने प्रतिक्रियाहरूमा अपाङ्गता भएका महिलाहरूका लागि बाहिर निस्कन र स्वतन्त्र रूपमा काममा संलग्न हुन पारिवारिक प्रतिबन्ध रहेको पाइएको छ। प्राप्त भएका धेरैजसो प्रतिक्रियाअनुसार उत्तरदाताहरूले घरपरिवाका अन्य सदस्यहरू कार्यस्थलमा र यात्राको क्रममा यौन दुर्व्यवहार हुन सक्ने डरले युवा महिलाहरूलाई कामको लागि बाहिर पठाउन हिचकिचाउने गरेको सोच्छन्। यसबाट कार्यक्षेत्रलाई सुरक्षित र मर्यादित बनाउन बाँकी छ भन्ने कुरा प्रष्ट हुन्छ। प्रतिबन्ध आफैँमा कुनै समाधान होइन, बरु सुरक्षित र सम्मानजनक कार्यस्थल निर्माण गर्न र परिवार, आफन्त तथा समाजबाट पाइने प्रोत्साहन यस दिशामा धेरै महत्त्वपूर्ण हुन्छ। भावनात्मक सम्बन्धका लागि पनि परिवारको भूमिका महत्त्वपूर्ण हुन्छ।

**नतिजा १५: सार्वजनिक सरोकारका कार्यालयहरूमा भएका अधिकांश पूर्वाधारहरू धेरै हिसाबले अपाङ्गतामैत्री छैनन्।**

अन्तर्वार्ताका लागि अनुसन्धान टोलीले सम्पर्क गरेका सबै कर्मचारी र नीति निर्माताहरूले संरचना र सार्वजनिक सेवा प्रदान गर्ने संयन्त्र अपाङ्गतामैत्री नभएको स्वीकार गरेका थिए। उनीहरूका लागि स्थानीय तहबाटै अपाङ्गतामैत्री स्थान र सेवाका लागि अनुकूल गुरुयोजना बनाउने नीति निर्माण र सोको कार्यान्वयनमा केन्द्रित हुनु आवश्यक रहेको छ। अधिकांश नीति निर्माताले अपाङ्गतामैत्री संरचनालाई उच्च प्राथमिकतामा राख्ने गरेको दाबी गरे पनि व्यवहारमा भने त्यस्तो देखिँदैन। स्थानीय तह र प्रदेशहरूमा अपाङ्गतासँग सम्बन्धित विशेष नीति छैनन्। यसका लागि अपाङ्गतामैत्री पूर्वाधार र सेवाहरूमा केन्द्रित भएर स्थानीय स्तरमा यस्ता नीति तथा कानुनी प्रावधानहरू तयार पारिनु पर्छ ।

**नतिजा १६: अपाङ्गता भएका व्यक्तिको अधिकारका क्षेत्रमा काम गर्ने सरोकारवालाहरूको प्रयासले मात्र सामाजिक परिवर्तन ल्याउन पर्याप्त छैन।**

सबै उत्तरदाताहरूले परिवर्तनका लागि वकालत मात्र पर्याप्त नभएको स्वीकार गरे। नागरिक समाजका संघसंस्थाहरूले आफूजस्ता संस्थाहरू सरकारलाई सहयोग गर्ने ठान्छन्। ती संघसंस्थाका उत्तरदाताहरूले नीतिगत प्रावधानहरू परिवर्तन गर्न र अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न केही हस्तक्षेपका लागि पैरवी गर्न प्रस्ताव गर्दा कहिलेकाहीँ सरकारी अधिकारीहरूले नकारात्मक रूपमा लिने गरेको अनुभव साझा गरेका थिए। अपाङ्गता भएका युवा महिलाहरू र सरोकारवालाहरूसँगको कुराकानीमा उत्तरदाताहरू नीति र व्यवहारमा रहेको खाडललाई कम गर्न सामुहिक प्रयासको ठूलो खाँचो रहेको ठान्छन्।

रोजगारीका अवसरहरू सिर्जना गर्ने दिशामा निकै कम अभियानहरू थालिएका छन्। आजकल अपाङ्गता भएका व्यक्तिहरूप्रति लक्षित केही रिक्त पदको विज्ञापन देखिने गरेका छन्, यस अवस्थामा ती अवसरहरू प्राप्त गर्न अपाङ्गता भएका युवा महिलाहरूलाई आवश्यक तालिम प्रदान गर्न तयारी गर्नु अबको आवश्यकता हो। अपाङ्गता भएका युवा महिलाहरूमा आत्मसम्मान जगाउनको लागि काम, रोजगारी र सामाजिक रुढीवादहरूमा परिवर्तनका व्यापक अभियान थाल्नु र यसबारे वकालत गर्नु आवश्यक रहेको छ।

**नतिजा १७: निजी रोजगारदाताहरूले अपाङ्गता भएका युवा महिलाहरूलाई रोजगारी प्रदान गरे तापनि निरन्तर आफ्ना रणनीति परिवर्तन गरिराख्ने भएकाले उनीहरूमाथि निगरानी आवश्यक छ।**

उत्तरदाताहरूले दिएका प्रतिक्रियाअनुसार पछिल्लो समय अधिकांश संघसंस्थाले रोजगारीमा पहुँच बढाउन महिलालाई प्राथमिकतामा राख्ने गरेका छन्। निजी रोजगारदाताहरूले सधैँ

उच्च नाफाको सम्भावना खोज्ने र तिनका नीतिहरू निकै असंगत रहने गरेकाले यस मामिलामा निकै वकालत र पैरवी हुन आवश्यक छ। नियमित नीतिगत निगरानी विना अपाङ्गता भएका युवा महिलाहरूलाई नाफामुखी निजी संस्थाहरूद्वारा संचालित कार्यस्थलहरूमा टिक्न गाह्रो हुने देखिन्छ।

**नतिजा १८: अधिकांश अपाङ्गता भएका युवा महिलाहरूसँग सिप छ तर रोजगारीका लागि पर्याप्त आत्मविश्वास छैन।**

अनुसन्धान टोलीका सदस्यहरूले "रोजगारीमा संलग्न हुन पर्याप्त आत्मविश्वास नभएको" भन्ने कुरा बारम्बार सुनेका थिए। तुलनात्मक रूपमा राम्रो शिक्षा प्राप्त गरेकाहरूमा उच्च आत्मबल हुन्छ तर सबैका हकमा भने यस्तो छैन। औपचारिक शिक्षाको अवसर प्राप्त नगरेका अथवा पेशागत दक्षतासम्बन्धी तालिम प्राप्त नगरेकाहरूमा न्यून आत्मबल रहेको छ। अपाङ्गता भएका अधिकांश युवा महिलाले आफूहरूको आत्मबल उकास्न आवश्यक रहेको बताएका थिए। साथै हामीले लगभग सबै युवा महिलाहरूमा रोजगारी प्राप्त गर्न आवश्यक पर्ने सिप र दक्षता रहेको पायौँ, यद्यपि उनीहरूले आफूहरूलाई थप उन्नत र बजार-उन्मुख सिप आवश्यक रहेको बताए।

**नतिजा १९: रोजगारीमा रहेका अपाङ्गता भएका युवा महिलाहरूमा बेरोजगारहरूको तुलनामा बढी आत्मबल हुन्छ।**

हाम्रो अन्तर्वार्ताको क्रममा कम्प्युटर, सञ्चार र भाषिक सिपजस्ता व्यावसायिक सिपहरू भएका महिलाहरूमा उच्च आत्मबल रहेको पाइएको छ। यसबाट रोजगारीमा संलग्न भएर आत्बल प्राप्त गर्न सकिन्छ भन्ने प्रष्ट हुन्छ। उनीहरूको आत्मबल बढाउनको लागि उनीहरूलाई  रोजगारी प्राप्त गर्ने क्षमता बढाउन सहयोग गर्न आवश्यक छ।

**नतिजा २०: अपाङ्गता भएका केही युवा महिला मात्र दुई वर्षभन्दा लामो समयसम्म रोजगारीमा टिकेका छन्, धेरैको रोजगारीको प्रवृत्ति अस्थिर छ।**

धेरै उत्तरदाताले अध्ययन जारी राखेका छन्, साथै उनीहरू प्राविधिक र व्यापारसँग सम्बन्धित सिपहरू पनि सिकिरहेका छन्। केही अपाङ्गता भएका युवा महिलाहरू सरकारी कार्यालय तथा बैंकमा सूचना अधिकारीको रूपमा काम गर्दैछन् भने अन्तर्वार्ता दिनेहरूको ठूलो सङ्ख्या शिक्षण पेसामा आबद्ध छ। अपाङ्गता भएका अधिकांश युवा महिलालाई रोजगारी पाउन निकै कठिन भएको थियो। थोरै मात्र त्यस्ता युवा महिलाले आफूहरू दुई वर्षभन्दा लामो समयदेखि रोजगारीमा संलग्न रहेको बताएका थिए। एउटा कारण उनीहरु युवा भएको र भर्खर आफ्नो करियर सुरु गरेको हुनसक्छ। हाम्रो सर्वेक्षणको नतिजामा अपाङ्गता भएका अधिकांश कामदार महिलाहरूले दुई वर्षको अवधिमा धेरै पटक आफ्नो काम परिवर्तन गरेको जानकारी पाइएको थियो।

**नतिजा २१: धेरैले कोभिड-१९ जन्य समस्याका कारण जागिर गुमाउनु परेको छ।**

कोभिड-१९ महामारीपछि भएको प्रतिबन्धका कारण धेरैले आय आर्जनका बाटाहरू गुमाएका छन्। उत्तरदाताहरू मध्ये १२.१ प्रतिशत सर्वेक्षणको समयमा तीन महिनाभित्र बेरोजगार भए। लगभग २२ प्रतिशत उत्तरदाताहरूले कुनै न कुनै समय काम गरेका थिए र उनीहरू दुई वर्षभन्दा कम समयदेखि बेरोजगार थिए। यसरी पहिले काम गरिराखेका मध्ये ३४.१ प्रतिशत उत्तरदाताहरू अहिले बेरोजगार रहेका छन्। अन्य व्यक्तिहरू जस्तै उत्तरदाताहरूले आफ्नो गतिशीलता सीमित भएको बताए। कहिलेकाहीँ दैनिक जीवनयापनको लागि आफ्नो नियमित काममा निर्भर रहनु पर्ने व्यक्तिहरूका लागि यो आर्थिक रूपमा चुनौतीपूर्ण हुने गर्दछ।

**नतिजा २२: नैतिक संवेदनशीलता सम्बन्धी सचेतना र उत्पीडन विरोधी नीतिजस्ता कुरा या त अस्तित्वमा छैनन् या सम्भवतः सार्वजनिक गरिएका छैनन्।**

अपाङ्गता भएका युवा महिलाहरूमध्ये थोरै मात्र कुनै पनि प्रकारको आचारसंहिता वा भेदभाव र उत्पीडन विरुद्धको नीतिबारे सचेत देखिन्छन्। थोरै संस्थाहरूसँग त्यस्ता नीतिहरू भए पनि ती नीति कार्यान्वयन भएका कमै उदाहरण छन्। केही उत्तरदाताले उनीहरू जोडिएका संस्थाले सम्भाव्य उत्पीडन र भेदभाव रोक्न कागजपत्र तयारीको प्रक्रियामा रहेको जानकारी दिए।

**नतिजा २३: सार्वजनिक स्थान, बाटो पार गर्ने ठाउँ र कार्यालयहरूमा समावेशी सूचना बोर्डहरु अवस्थित छैनन्।**

सबैजसो उत्तरदाताले सार्वजनिक स्थान, बजार र आवतजावत गर्ने ठाउँहरूमा अपाङ्गता मैत्री सूचना बोर्डहरू उपलब्ध नभएको गुनासो गरे। उनीहरूले नेपालमा ट्राफिक बत्तीबारे अन्य माध्यमले संकेत दिनका लागि फरक ट्राफिक ध्वनि वा अडियो सूचकहरू

नरहेको र त्यसले दृष्टिविहीनहरूले सडक कहिले र कहाँ पार गर्ने भनेर थाहा पाउन गाह्रो हुने बताए। ५१.४३% कार्यालय/संस्थाहरूसँग र्याम्प, विश्राम कक्ष, श्रव्य-दृश्य सूचना बोर्डलगायत आधारभूत अपाङ्गतामैत्री पूर्वाधार र सुविधाहरू छैनन्।

**नतिजा २४: रोजगारदाताहरूले अपाङ्गता भएका युवा महिलाहरूको क्षमतालाई कमजोर बनाउने काम गर्छन्। उनीहरू सबैजसो अपाङ्गता भएका युवा महिलाहरूलाई उस्तै ठान्दछन् र उनीहरूबारे पक्षपातपूर्ण मानसिकता राख्दछन्।**

रोजगारदाताले अपाङ्गता भएका व्यक्तिले आफ्नो अशक्तताका कारणले मात्रै काममा राम्रो प्रदर्शन गर्न नसक्ने विचार राख्छन्। अधिकांश रोजगारदाताले अपाङ्गता भएका व्यक्तिहरूले काम गर्न नसक्ने भन्ने आफ्नो पुरानै मानसिकताका आधारमा यस्तो सोच्ने गरेको स्वीकार गरेका छन्। अधिकांश रोजगारदाताले अपाङ्गता भएका व्यक्तिहरू काम गर्न सक्षम भए पनि उनीहरूलाई आफ्नो क्षमता देखाउन दिने अवसर दिएका छैनन्। प्रसूति विदा, उचित रात्रिकालीन सार्वजनिक यातायातको अनुपलब्धता र रुढीग्रस्त धारणाजस्ता कारणले गर्दा रोजगारदाताहरू अपाङ्गता भएका युवा महिलाहरूलाई काममा राख्न हिचकिचाउने गरेका छन्।

**नतिजा २५: अपाङ्गता भएका युवा महिलाहरूलाई जागिरका लागि अनुबन्धित गर्ने केही राम्रा अभ्यासहरूले व्यवसायको सामाजिक प्रतिष्ठामा योगदान पुर्याइरहेको छ।**

अपाङ्गता भएका केही व्यक्तिलाई आफ्नो कम्पनीमा शिक्षणको काममा संलग्न गराएका रोजगारदाताहरूले भने, अपाङ्गता भएका व्यक्तिहरूले अन्य कर्मचारीसरह नै काम गर्ने गर्छन् साथै यसले अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीका अवसरहरू उपलब्ध गराएकोमा संस्थाको प्रतिष्ठासमेत बढ्दछ। कतिपय संस्थाहरूले समाजका सीमान्तकृत समूहहरू (अपाङ्गता भएका व्यक्तिहरू)का लागि अवसरहरू सिर्जना गरेकाले मात्रै पनि थेरै परियोजनाका अवसरहरू प्राप्त गर्न सक्छन्।

**नतिजा २६: अपाङ्गता भएका अधिकांश युवा महिलाहरूसँग सरकारले उपलब्ध गराएको परिचयपत्र छ तर अझै पनि केहीको पहुँच त्यस्ता परिचयपत्रसम्म पुगेको छैन।**

सर्वेक्षणमा सहभागी दुई सय ४२ जनामध्ये दुई सय ३६ जनासँग सरकारले उपलब्ध गराएको अपाङ्गता परिचय पत्र रहेको थियो। अझै छ जना सहभागीहरूसँग त्यस्तो कुनै पनि परिचय पत्र रहेको थिएन।

**नतिजा २७: अपाङ्गता भएका युवा महिलाहरू उल्लेखनीय सङ्ख्यामा विश्वविद्यालय तहको शिक्षामा पुगेका छन् र अधिकांशले विद्यालय तहको शिक्षा पूरा गरेका छन्।**

याद्दच्छिक (random) सर्वेक्षणमा समाहित दुई सय ४२ उत्तरदाताहरूमध्ये कम्तीमा पनि एक चौथाईसँग कम्तीमा पनि एक तहको विश्वविद्यालय डिग्री छ। सर्वेक्षणका उत्तरदाताहरूमध्ये लगभग ७५ प्रतिशतले विद्यालय तहमाथिको शिक्षा पूरा गरेका छन्। त्यहाँ कहिल्यै विद्यालय नगएका १७ जना मात्र थिए, र तिनीहरूमध्ये धेरैले आफू विद्यालय नजानुको मुख्य कारण शारीरिक असक्षमता भएको र घरदेखि विद्यालयको दूरीलाई अर्को महत्त्वपूर्ण कारणको रूपमा उल्लेख गरेका थिए।

**नतिजा २८: अपाङ्गता भएका बहुसङ्ख्यक युवा महिला (दृष्टिविहीन र बहिरा) ब्रेल लिपि र साङ्केतिक भाषा प्रयोग गर्न दक्ष छन्।**

दृष्टिविहीन उत्तरदाताहरूमध्ये लगभग ७५ प्रतिशत ब्रेल लिपिमा साक्षर छन्। बहिरा र सुस्त श्रवण क्षमता भएका १५ उत्तरदातामध्ये ११ जना साङ्केतिक भाषा प्रयोग गर्न सक्षम रहेको पाइयो। पूर्ण श्रवणशक्ति गुमेका र साङ्केतिक भाषा प्रयोग गर्न नसक्ने उत्तरदाताको सङ्ख्या मात्र एक रहेको छ।

**नतिजा २९: काम गर्न सक्षम रहेकामध्ये धेरै उत्तरदाताहरू बेरोजगार छन्।**

आर्थिक निर्भरताको कुरा गर्ने हो भने, सहभागी दुई सय ४७ उत्तरदातामध्ये ४६ जनाको  रोजगारी वा व्यवसायबाट आउने नियमित आयस्रोत छ, जबकि एक सय १६ जना आर्थिक रूपमा परिवारका सदस्यहरूमा निर्भर छन्। तीमध्ये ४२ जनाले सरकारबाट भत्ता पाउने गरेको बताए। काम गर्न सक्षम तर बेरोजगार रहेका धेरैजसो उत्तरदाताहरू कुनै न कुनै प्रकारको काम खोजिरहेका छन्। सर्वेक्षणमा भाग लिएका २० देखि ३० वर्ष उमेर समूहका ८१ प्रतिशत उत्तरदाताहरू बेरोजगार छन्।

**नतिजा ३०: अपाङ्गता भएका युवा महिलाले विभिन्न किसिमका काम गरिरहेका छन्।**

रोजगारीमा संलग्न रहेका अपाङ्गता भएका युवा महिलामध्ये प्रायः जसो कार्यालयको फोनमा आउने गुनासा सङ्कलन गर्ने, आवश्यक कागजपत्र तयार पार्ने, बजार व्यवस्थापन, ग्राहकहरूलाई सहयोग गर्ने, परामर्शदाता भई काम गर्ने, भान्सामा मद्दत गर्ने, छपाईसम्बन्धी प्रक्रियामा सहयोग गर्ने, धूप बनाउने, ब्रेल लिपि

सिकाउने, साङ्केतिक भाषा शिक्षण गर्ने, विद्यालयका अन्य पाठ्यक्रम पढाउने, अपाङ्गता भएका बालबालिकालाई विभिन्न सिपको तालिम प्रदान गर्ने, रेडियो कार्यक्रम प्रस्तोता भई काम गर्ने, समाचार पढ्ने, कार्यालयको सोधपुछ डेस्क सम्हाल्ने, संगठनात्मक र ग्राहक फोन सोधपुछ, वकालत, स्थलगत अनुगमन, नेतृत्व विकासमा सहयोग गर्ने तथा स्थलगत समन्वयजस्ता काम गर्ने गरेका छन्। उनीहरूले अधिक चासोका साथ गर्न सक्ने थुप्रै सिप र काम रहेका छन् । त्यस्ता महिलाहरू उल्लेख्य सङ्ख्यामा अपाङ्गता नभएका बालबालिकालाई शिक्षण गर्ने विद्यालयमा शिक्षक भई काम गर्नुलाई राम्रो अभ्यासका रूपमा लिन सकिन्छ। यसो हुनुलाई सरकारी सेवामा प्रवेशका लागि आरक्षणको नीतिको सकारात्मक पक्षका रूपमा लिन सकिन्छ।

**नतिजा ३१: अपाङ्गता भएका युवा महिलाहरूमध्ये थोरैले मात्र जागिरका लागि सार्वजनिक रूपमा आह्वान गरिएका विज्ञापनबारे जानकारी पाउँछन्।**

रोजगारीमा रहेका उत्तरदाताहरूमध्ये एक तिहाइभन्दा कमले आफूहरूले जागिरका अवसरबारे सार्वजनिक सूचनामार्फत् जानकारी पाएको बताए। तीमध्ये धेरैले पहिलेदेखि नै जागिरमा रहेका साथीहरूका माध्यमबाट त्यस्ता सूचनाबारे थाहा पाएका थिए। यसबाट अपाङ्गता भएका युवा महिलाहरूका लागि रोजगारीका अवसरबारे थाहा पाउने माध्यम सार्वजनिक सूचनाको साटो साथीहरू रहेको प्रष्ट हुन्छ।

**नतिजा ३२: अपाङ्गता भएका मध्ये झण्डै आधा जति युवा महिलाहरूलाई राज्यले तोकेको न्यूनतम तलब मापदण्डभन्दा कम पारिश्रमिक दिइन्छ।**

रोजगारीमा रहेकामध्ये झण्डै आधा उत्तरदाताले श्रम नियमावलीमा तोकिएको न्यूनतम पारिश्रमिकभन्दा कम तलब पाउने गरेका छन्। आफ्नो मासिक तलब रकमबारे जवाफ दिने ४५.७१ प्रतिशत अपाङ्गता भएका युवा महिलाहरूलाई प्रति महिना १५ हजारभन्दा कम तलब दिइने गरिएको पाइयो।

**नतिजा ३३: सरकारी निकायबाहेक अन्य क्षेत्रमा काम गर्ने लगभग सबैजसो व्यक्ति सामाजिक सुरक्षाको दायरामा पारिएका छैनन्।**

प्राप्त प्रतिक्रिया अनुसार जम्मा पाँच जना उत्तरदाता मात्र सामाजिक सुरक्षा कोषमा दर्ता भएका छन्। गैरसरकारी र निजी क्षेत्रमा काम गर्ने लगभग सबै (९८%) अपाङ्गता भएका युवा महिलाहरू सामाजिक सुरक्षा कोषमा दर्ता भएका छैनन्। जोखिममा परेका समूहका लागि सामाजिक सुरक्षा निकै महत्त्वपूर्ण छ, तर यहाँ ठूलो संख्यामा रोजगारीमा रहेका साथै अपाङ्गता भएका सबै बेरोजगार युवा महिलाहरू सामाजिक सुरक्षा सुरक्षाको दायराबाट बाहिर छन्।

**नतिजा ३४: अपाङ्गता भएका बेरोजगार युवा महिलामध्ये धेरैले जीवनभर रोजगारी पाउँदैनन्।**

बेरोजगार रहेका दुई सय सात जना अपाङ्गता भएका युवा महिला उत्तरदाताहरूमध्ये, ६५.७० प्रतिशतले अहिलेसम्म कहिल्यै काम पाएनन्। लगभग २२ प्रतिशत उत्तरदाताहरूले कुनै समयमा काम गरेका थिए, तर तीन वर्षयता उनीहरू बेरोजगार रहेका छन्। उत्तरदाताहरू मध्ये ४१.५ प्रतिशतले आफूहरूको प्रयासका बावजुद पनि कहिल्यै रोजगारीको अवसर नपाएको बताएका छन्।

**नतिजा ३५: लगभग सबैजसो बेरोजगार युवा महिलाहरू काम गर्न इच्छुक छन् र तीमध्ये धेरैसँग सिप पनि छ।**

अवसर पाएमा काम गर्न इच्छुक रहे नरहेकोबारे प्रश्न गर्दा प्रायः सबैले आफू काम गर्न निकै इच्छुक रहेको प्रतिक्रिया दिए । करिब एक प्रतिशत उत्तरदाताले मात्र आफ्नो बहु-अपाङ्गताका कारण कुनै जागिर वा व्यवसाय गर्न रुची नभएको बताए। यसले रोजगारीको अवसर पाइएको खण्डमा तीमध्ये धेरैजसो काम गर्न इच्छुक छन् भन्ने प्रष्ट हुन्छ।

**काम गर्न इच्छुक अपाङ्गता भएका युवा महिलाहरूसँग रहेका विभिन्न प्रकृतिका सिपको सूचीः**

- **शिक्षण**

क. ब्रेल र साङ्केतिक भाषा

ख. कम्प्युटर

ग. प्राथमिक र माध्यमिक तहका नियमित पाठ्यक्रम

- **स्वरोजगारयुक्त सिपहरू**

क. मैनबत्ती बनाउने
ख. चक बनाउने
ग. हार्पिक र फिनाइल बनाउने
घ. सिलाई कटाई
ङ. साबुन बनाउने, टोकरी र फूलदान बनाउने

- **कम्प्युटरसम्बन्धी सिपहरू**

क. कम्प्युटरमा आधारित डिजिटल काम
ख. तालिम प्रदान
ग. लेखन, डिजाइनिङ र पेज सेटअप
घ. अकाउन्टिङ

- **सामाजिक कार्य र गैरसरकारी संस्थासम्बद्ध सिप**

क. परामर्श प्रदान गर्ने
ख. तालिम प्रदान गर्ने
ग. कार्यशाला सहजीकरण
घ. प्रस्तावना तथा प्रतिवेदन लेखन

- **आम सञ्चार**

क. रेडियो कार्यक्रम प्रस्तोता
ख. समाचार वाचक

- **प्रशासनिक तथा संस्थागत**

क. रिसेप्सनिस्ट
ख. डकुमेन्टेसन
ग. फोन कल व्यवस्थापन

- **कला, सौन्दर्य एवं शारीरिक काम**

क. मसाज थेरापी
ख. ब्युटी पार्लरसम्बन्धी काम
ग. चित्रकारिता

**नतिजा ३६: धेरैजसो सहभागीले दक्षता अभिवृद्धि सम्बन्धी तालिम प्राप्त गरेका भए पनि त्यस्तो तालिम नलिएका पनि उल्लेख्य सङ्ख्यामा रहेका छन्।**

बहुसङ्ख्यक उत्तरदाताहरूले नयाँ सिपसम्बन्धी तालिम पाएका छन् जसले उनीहरूलाई थप दक्षता प्रदान गरेको छ। यसले उनीहरूलाई रोजगारीका राम्रा अवसर प्राप्त गर्न मद्दत गर्न सक्छ। उत्तरदाताहरूमध्ये ३८.४६ प्रतिशतले आफूले पाएको तालिम आफ्नो कामसँग सम्बन्धित रहेको र यस्ता तालिमले उनीहरूको जीवनस्तर र जीवनको गुणस्तर बढाउन मद्दत गरेको ठान्छन्। करिब १७ प्रतिशत युवा महिलाले मात्रै आफूले कुनै तालिम नपाएको बताए । यसरी हेर्दा धेरैजसो महिलाले तालिम लिएको देखिन्छ। तर गैरसरकारी संस्थाले दिने तालिम बजारमागमा आधारित छैनन्। त्यसैले महिलाहरू एउटा प्रशिक्षणबाट अर्कोमा सरिरहन्छन्।

**नतिजा ३७: अपाङ्गता भएका धेरैजसो युवा महिलाले सार्वजनिक यातायात प्रयोग गर्छन् तर ती अपाङ्गतामैत्री छैनन्।**

उत्तरदाताहरूको ठूलो सङ्ख्याले नियमित आवतजावतको लागि सार्वजनिक यातायात प्रयोग गर्दछ। तसर्थ उनीहरुको यात्रा सहज बनाउन र रोजगारीमा पहुँच बढाउन सार्वजनिक यातायातको व्यवस्थालाई अपाङ्गतामैत्री बनाउन निकै जरुरी छ। झण्डै दुई तिहाई उत्तरदाताले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि सार्वजनिक यातायात प्रणालीमा आधारभूत जानकारी प्रदान गर्ने र्याम्प र श्रव्य-दृश्य सामग्रीजस्ता आधारभूत सुविधाहरूसमेत नभएको बताए।

**नतिजा ३८: अपाङ्गता भएका धेरैजसो युवा महिलाहरूले कुनै न कुनै प्रकारको भेदभावको अनुभव गरेका छन्।**

उत्तरदाताहरूमध्ये २८.८२ प्रतिशत अपाङ्गता भएका युवा महिलाले विगत तीन वर्षमा आफूमाथि कार्यस्थलमा कुनै न कुनै प्रकारको भेदभाव र हिंसाको अनुभव गरेका छन्। यसरी भेदभाव अथवा हिंसा भोगेकामध्ये ३६.७३ प्रतिशतले कसैलाई नभनेको, ५३ प्रतिशतले आफ्ना परिवारका सदस्य र नजिकका साथीहरूसँग कुरा गरेको र १०.२ प्रतिशतले प्रहरी वा सम्बन्धित प्रशासन कार्यालयमा उजुरी गरेको पाइएको छ।

**नतिजा ३९: अधिकांश युवा महिलाहरूसँग स्मार्ट फोन छन् तर कतिपयको भने अझै मोबाइल फोनसम्म पहुँच छैन।**

उत्तरदाताहरूमध्ये ६.२० प्रतिशतले अझै पनि मोबाइल फोन आफूहरूको पहुँचबाहिर रहेको बताएका छन्। लगभग ९४ प्रतिशत अपाङ्गता भएका युवा महिलासँग मोबाइल फोन छ, र ७५ प्रतिशतभन्दा बढीले स्मार्ट टचस्क्रिन मोबाइल सेटहरू बोक्छन्। तीमध्ये झण्डै आधा जतिले नियमित रूपमा इन्टरनेट सेवा प्रयोग गर्ने गरेका छन्।

**नतिजा ४०: धेरैजसो अपाङ्गता भएका युवा महिलाले सामाजिक सञ्जाल प्रयोग गर्न र मनोरञ्जनको लागि इन्टरनेट**

**प्रयोग गर्छन्।** कतिपयले भने यसलाई कामको लागि प्रयोग गर्छन्।

धेरैजसो उत्तरदाताहरूले सामाजिक सञ्जाल प्रयोग गर्न इन्टरनेट प्रयोग गर्ने बताए। इन्टरनेटले आफूलाई साथी तथा परिवारका सदस्यसँग जोडिन, समाचार तथा सूचना प्राप्त गर्न र मनोरञ्जन गर्न सक्षम बनाएको धेरैले बताए। त्यसैगरी धेरै उत्तरदाताले इन्टरनेटले जागिर सम्बन्धी कामहरूमा योगदान पुर्याएको बताए।

**नतिजा ४१: अपाङ्गता भएका बहुसङ्ख्यक युवा महिलाहरू आफैं वित्तीय सेवामा पहुँच पुर्याउन सक्षम छन्, तर तीमध्ये अधिकांश महिलाहरू बैंकिङ सेवाको पहुँचबाट वञ्चित रहेका छन्।**

अन्तर्वार्तामा संलग्न ७८.५१ प्रतिशत अपाङ्गता भएका युवा महिलाहरूको बैंकिङ कारोबारमा पहुँच रहेको देखाउँछ। अधिकांश उत्तरदाताहरूले आफूले कसैको सहयोग बिना नै बैंक खाता खोलेको बताए। एटीएम कार्ड भएकाहरूमध्ये २१.५ प्रतिशतले आफूहरूलाई एटीएम बुथभित्र गएर सेवा लिन निकै गाह्रो भएको बताए। दृष्टिविहीन र न्यून दृष्टियुक्त उत्तरदाताबाट प्राप्त एक सय ३० प्रतिक्रियामध्ये, १७ प्रतिशतसँग एटीएम कार्ड रहेका छन् र २८.५ प्रतिशत अनलाइन बैंकिङको पहुँचमा रहेका छन्। बैंकिङ प्रणाली पूर्णतया पहुँच नभएका महिलाहरूको सहज आर्थिक पहुँचमा भने बाधा पुगेको छ। झण्डै दुई तिहाइ उत्तरदाताहरूको बैंकिङ प्रणालीमा पहुँच नभएको देखिन्छ। गुणात्मक अन्तर्वार्ताका अधिकांश उत्तरदाताहरूले आफूहरूलाई स्वरोजगार व्यवसाय सञ्चालन गर्न बैंकहरूले कहिल्यै ऋण नदिएको बताए।

**नतिजा ४२: कोभिड–१९ महामारीका कारण रोजगारीका सन्दर्भमा विभिन्न समस्या आइरहेका छन्।**

अध्ययनका क्रममा गतिशीलताको कठिनाइका कारण काम, चिकित्सा सुविधा, आयआर्जन कार्य र आर्थिक समस्या समाधानका बाटाहरूसम्म पहुँचमा कठिनाइजस्ता समस्याबारे बारम्बार कुरा गरिएको थियो। यसका साथै शिक्षामा पहुँच, मानसिक स्वास्थ्य र सामाजिक अन्तरक्रियाको अभावजस्ता अन्य कठिनाइहरू पनि यस दौरान देखा परेका छन्।

**नतिजा ४३: कोभिड-१९ महामारीको समयमा धेरैजसो अपाङ्गता भएका युवा महिलालाई एक पटक मात्र राहत सहयोग प्रदान गरिएको छ र तत्पश्चात् कुनै फलोअप वा सहयोगको निरन्तरता रहेको छैन।**

कोभिड- १९ महामारी रोक्न गरिएको लकडाउन वा प्रतिबन्धको अवधिमा अपाङ्गता भएका लगभग दुई तिहाई युवा महिलाले कम्तीमा एक पटक राहत वा सहयोग प्राप्त गरेको बताए। त्यस्तो सहायता नियमित रुपमा प्राप्त हुन सकेन। अपाङ्गतासम्बन्धी आधार तथा विशेष आवश्यकताहरूको अध्ययन गरी राहत वितरणको कार्य सञ्चालन गरिएको पाइएन।

**नतिजा ४४: उत्तरदाताहरूलाई राहत वा सहयोगको उपलब्धताबारे सूचित गरिएको थिएन।**

कुनै पनि राहत वा सहयोग नपाएका मध्ये करिब ५१ प्रतिशतले त्यस्तो खाले सहयोगको उपलब्धता वा प्रक्रियाबारे आफूलाई जानकारी नभएको बताए। यस्ता राहत कार्यक्रम सार्वजनिक स्थानमा सामूहिक रुपमा वितरण गरिए पनि राहत प्रदान गर्नेहरू अपाङ्गता भएका युवा  महिलाको घरघरमा गएनन्। र अपाङ्गता भएकै कारण यी महिलाहरूले सार्वजनिक जमघटमा राहत लिन जान पाएनन्।

**नतिजा ४५: अपाङ्गता भएका युवा महिलाहरूमध्ये केही स्वरोजगार र केही सिपमा आधारित काममा संलग्न छन्, तर उनीहरूमा उचित बजार व्यवस्थापनका लागि आवश्यक सिपको अभाव छ।**

आफ्नै व्यवसाय चलाउन चाहने, पहिले नै कुनै न कुनै प्रकारको सिपमा आधारित काम गरिराखेका वा आफैँले कुनै न कुनै प्रकारको सामान उत्पादन गरिरहेका अपाङ्गता भएका युवा महिलाहरूको सङ्ख्या उल्लेखनीय छ। उनीहरूसँग आफ्नो सामान बेच्न बजार व्यवस्थापनको सिपको कमीले समस्या व्यहोर्नु परिरहेको छ र यसले उनीहरुको बिक्री र आम्दानीमा असर परेको छ।

**नतिजा ४६: अधिकांश उत्तरदाताहरूले आफ्नो निजी विषयमा आफैं निर्णय गर्न सक्छन्, तर पनि धेरैका हकमा परिवार र आफन्तहरूले हस्तक्षेप गरेका छन्।**

सर्वेक्षणमा सहभागी दुई तिहाइभन्दा बढी अपाङ्गता भएका युवा महिलाहरूले आफूलाई रोजगारी, आवास, शिक्षा, स्वास्थ्य सेवा, विवाह र अन्य निजी विषयहरूमा आफ्नै निर्णय गर्ने अधिकार छ भन्ने ठान्छन्। दशमध्ये एक जना महिलाले आफ्नो निजी विषयमा आफै निर्णय गर्न नसक्ने बताए।

# ०४ निष्कर्ष

एक्सेस प्लानेट (२०२१) द्वारा तयार गरिएको परियोजना अवधारणा पत्रमा उल्लेख छ, (१) डाटा, तथ्य र प्रमाणको कमी, (२) भेदभावपूर्ण राज्य नीति र कार्यक्रमहरू, (३) गुणस्तरीय शिक्षा, तालिम, सूचना र प्रविधिमा कम पहुँच, (४) कमजोर शारीरिक र सूचनाको पहुँच, (५) यात्राहरूमा नियन्त्रण तथा प्रतिबन्धित, (६) परिवार र समाजको नकारात्मक दृष्टिकोण, (७) रोजगारदाताहरूमा यी महिलाहरूको क्षमताबारे नकारात्मक अवधारणाका कारणले अपाङ्गता भएका महिलाहरूको आर्थिक उत्पादकत्वको भूमिकालाई सीमित गरिएको छ । नेपालमा अपाङ्गता भएका युवा महिलाहरूले भोग्नु पर्ने कैयन बाधा देखिन्छन् ।

यो अध्ययन २० देखि ३० वर्षसम्मको उमेर समूहका अपाङ्गता भएका युवा महिलाहरूको रोजगारीको स्थितिको आँकलन गर्न र रणनीतिक बहस तथा पैरवी अभियानका लागि आवश्यक तथ्यपरक प्रमाण सकङ्लन गर्नका लागि गरिएको हो ।

धेरै जसो अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाले सदस्य देशहरूलाई अपाङ्गता भएका महिलालाई आर्थिक उत्पादनका क्षेत्रमा अर्थपूर्ण ढङ्गले सहभागी गराउनका लागि सबै उचित उपाय अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ । साथै यस व्यवस्थाले मानव अधिकार र मौलिक स्वतन्त्रताको पूर्ण तथा समान प्रत्याभूति गराउनु पर्ने कुरामा पनि जोड दिएको पाइन्छ । नेपालको संविधानले महिलाहरूको पूर्ण विकास, उन्नति र सशक्तिकरणको कुरा गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐनको उद्देश्य नेपालमा अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रवर्धन गर्नु हो ।

सबै प्रकाशित सामग्री तथा प्रतिवेदनले हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिका लागि मनोसामाजिक, प्राविधिक, प्राकृतिक, मानव निर्मित वातावरण, दृष्टिकोण प्रणाली र नीति विविध बाधा रहेको कुरा स्वीकार गरेका छन् । हामीले अपाङ्गता भएका महिलाको पूर्ण विकास, उन्नति र सशक्तिकरणका लागि विद्यमान सामाजिक र भौतिक वातावरणबाट सिर्जना गरिएका बाधाहरूलाई हटाउनमा काम गर्नुपर्छ । कानुनी रुपमा नीतिगत व्यवस्था गर्नु महत्त्वपूर्ण कार्य हो तर यसरी व्यवस्था गरेर मात्र ती बाधा हटाउन तथा सम्मानजनक रोजगारीको वातावरण बनाउन सकिँदैन । सामाजिक धारणा बदल्न चेतनामूलक कार्यक्रम गर्नुका साथसाथै समाजमा प्रेरणादायी उदाहरण हुने गरी सफलताका कथा देखिनु जरुरी छ ।

राम्रो र सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्नुपर्छ भन्ने विचार नै सामाजिक रचनात्मक मोडेलमा आधारित छ । मानव अधिकारको धारणामा आधारित भएर हामी कानुनी हक अधिकारको कुरा स्वीकार गर्दछौं । भेदभाव तथा सामाजिक बाधा हटाएर अपाङ्गता भएका व्यक्तिहरूलाई व्यवहार, वातावरण र संस्थागत सीमाका कारण समाजमा पूर्ण सहभागिताबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्न रचनात्मक विधिको आवश्यक छ । समाजको अनुकूलताका लागि तथा अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु परिरहेका सहभागितामा रोकावट ल्याउने बाधालाई हटाउनको लागि मनोवृत्ति, अभ्यास र नियमलाई परिवर्तन गरेर समावेशी आर्थिक गतिविधि गर्नु समाजका सबै पक्षहरूको दायित्व हो । नेपालमा अपाङ्गता भएकाहरूको लागि निजामती सेवामा कोटा प्रणाली हुनु सकारात्मक कुरा हो । यो नेपाल सरकारद्वारा संचालित रोजगारीको अवसरमा मात्र सीमित छ । यस सकारात्मक विभेदको रुपमा आएको आरक्षण प्रणालीले गर्दा निजामति सेवामा अपाङ्गता भएका व्यक्तिहरूको प्रवेश सहज भएको देखिन्छ । तर अपाङ्गता भएका महिलाहरूको सवालमा सामाजिक बाधा व्यवधानले गर्दा अझै उल्लेख्य प्रगति भएको देख्न सकिँदैन । अपाङ्गता भएका महिलाहरूको लागि मात्रै थप सकारात्मक विभेदको कदम चाल्नु आवश्यक देखिन्छ । झन् निजी र गैरसरकारी रोजगारदाताहरू त यसरी सकारात्मक रुपमा अपाङ्गता भएका महिलाहरूलाई रोजगारीमा समावेश गर्ने कुरामा सचेत भएको पाइँदैन वा उनीहरू यस्तो सकारात्मक विभेदको नीति अपनाउन हिचकिचाउँछन् । यस्ता धेरै कारणले गर्दा अपाङ्गता भएका युवा महिलाको स्थिति मात्र हैन नेपालमा रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको समग्र स्थिति धेरै चुनौतीपूर्ण छ ।

अपाङ्गता भएका व्यक्तिको रोजगारका सम्बन्धमा व्याप्त विभिन्न

रूढ़िवादी सामाजिक धारणा परिवर्तन गर्नका लागि काम नगरी अपाङ्गता भएका युवा महिलाहरूले अवसर प्राप्त गर्नको लागि अत्यन्त चुनौतीपूर्ण हुनेछ । समग्र नीति, सार्वजनिक पूर्वाधार, क्यारियर परामर्श संयन्त्र, कार्यस्थलको स्थिति, सामाजिक रूढी, परिवारको सहयोग र रोजगारदाताको मानसिकता लगायतका क्षेत्रहरूमा परिवर्तन गरि अपाङ्गता भएका युवा महिलाहरूको लागि अवसर सिर्जना गर्न बहुपक्षीय सरोकारवालाहरूको साझा सहकार्य र सहयोग आवश्यक देखिन्छ । रोजगारीमा आबद्ध अपाङ्गता भएका युवा महिलाहरूमा बेरोजगार रहेका व्यक्तिको तुलनामा अधिक बलियो आत्मविश्वास रहेको देखिन्छ । यसले रोजगारको अवसर सिर्जना गरी उनीहरूमा आत्मविश्वास अभिवृद्धि गर्न र सामाजिक परिवर्तनको प्रक्रियालाई अगाडि बढाउन मदत हुनेछ ।

# ०५ सुझावहरू

प्रस्तुत अनुसन्धानले एक्सेस प्लानेट संस्थाले नेपालमा आफ्नो कामलाई अझ प्रभावकारी बनाउन पुनर्विचार गर्नुपर्ने केही सिफारिसको पहिचान गरेको छ। यीमध्ये धेरैजसो सिफारिस र सुझाव अन्य सम्बन्धित सरोकारवालाहरूसँग साझा गर्न आवश्यक छ। अपाङ्गता भएका युवा महिलाका लागि रोजगारीका थप अवसर सिर्जना गर्न, उनीहरूको रोजगारको स्थितिमा सुधार ल्याउने गरेर विद्यमान बाधाहरूलाई परिवर्तन गर्न आवश्यक छ। रिक्त स्थानहरू सिर्जना गरेर मात्र उनीहरूको रोजगारीको अवस्थामा सुधार आउन सक्दैन, यसका लागि थुप्रै संरचनात्मक मुद्दाहरू सम्बोधन गरिनु आवश्यक छ जसले उनीहरूका लागि ती स्थानहरूमा आवेदन दिन र सम्मानजनक स्थान प्राप्त गर्न अनुकूल वातावरण बनोस्।

**सुझाव १: कानुन तथा नीति परिमार्जन गर्न सबै सरोकारवालाहरूले सामूहिक प्रयास गर्न सक्छन्।**

सरोकारवालाहरूले अहिले यस क्षेत्रमा भइरहेका प्रयासभन्दा धेरै काम गर्न सक्छन्। उनीहरू रोजगारी र सिपमूलक कामसँग सम्बन्धित प्रावधानहरू थप्रमा बढी केन्द्रित हुनुपर्ने हुन्छ। प्रत्येक संस्थामा एक जना अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिनका निम्ति बलियोसँग वकालत गर्नुपर्ने देखिन्छ। प्रायः स्थानीय सरकारसँग अपाङ्गतासम्बन्धी नीति छैनन्, त्यसैले समुदाय स्तरमा अझ सघन प्रयास हुन आवश्यक छ।

**सुझाव २: विद्यालय र विश्वविद्यालय शिक्षालाई थप पहुँचयोग्य र समावेशी बनाइनुपर्छ।**

अपाङ्गता भएका व्यक्तिहरूले सिक्न सुरु कसरी गर्ने भन्ने नै मूल प्रश्न भइदिँदा उनीहरूका लागि शिक्षा क्षेत्रमा पहुँच बढाउन भनेजस्तो सजिलो छैन। यो समावेशी सिकाइका लागि स्थान तयार पार्न विद्यालयहरूले विशेष आवश्यकताहरूलाई सम्बोधन गरेजस्तै हो। दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, बौद्धिक अपाङ्गता भएका र ह्विलचेयर प्रयोगकर्ताहरूका लागि शिक्षा प्राप्त गर्नु उत्तिकै चुनौतीपूर्ण छ। कथंकदाचित अपाङ्गता भएका व्यक्तिले विद्यालय शिक्षा पूरा गरे पनि उच्च शिक्षामा उनीहरूका लागि निकै कठिनाई हुन्छ। प्रविधिले शिक्षा क्षेत्रमा केही हदसम्म सहयोग गरिरहेको भएता पनि धेरै कुरा गर्न बाँकी नै छ।

परीक्षाको समयमा उनीहरूले परीक्षाको तयारी गर्नुभन्दा परीक्षाका लागि लेखन सहायक खोज्न बढी उर्जा खर्च गर्नु परिरहेको हुन्छ। नीतिगत प्रावधानहरू सुधारेर त्यस्ता व्यक्तिलाई प्रविधिको प्रयोग गरेर परीक्षामा सहभागी हुन सक्षम बनाएमा परीक्षा प्रणालीलाई थप समावेशी बनाउन मद्दत पुग्छ ।

**सुझाव ३: विभिन्न प्रकारका अपाङ्गताका आधारमा लोकसेवा आयोगका परीक्षाका लागि सहयोग पुग्ने सिप र सामग्रीहरू**

लोकसेवा आयोगका लागि पाठलाई ध्वनि रेकर्ड गरिएका किताबहरू सजिलै उपलब्ध हुँदैनन्, अर्कोतिर परम्परागत रूपमा उपलब्ध पुस्तकहरू अध्ययन गर्न सहयोग गर्ने व्यक्ति पाउन पनि गाह्रो छ। विभिन्न प्रकारका अपाङ्गताका लागि परीक्षा प्रणाली परिवर्तन गर्नका निम्ति निरन्तर रुपमा वकालत भएमा यस विषयमा धेरै सहयोग पुग्न सक्छ। पढ्ने सामग्रीहरू ब्रेल लिपिमा उपलब्ध छैनन् । थोरै मात्र अडियो सामग्रीहरू उपलब्ध छन् । साथै बहिराहरूका दृष्टिकोणबाट हेर्दा पाठ्यक्रम र पठन सामग्रीहरू बुझ्नको लागि धेरै जटिलता देखिन्छ र साङ्केतिक भाषा सेवा सहज रूपमा उपलब्ध छैन। सिकाइका स्रोत-साधनहरूको उपलब्धतामा असमानताले समान अवसरहरूको सिद्धान्तलाई अझ चुनौतीपूर्ण बनाएको छ।
यस दिशामा नेपाल सरकारले चालेको सकारात्मक कदमलाई राम्रो अभ्यासका रूपमा स्वीकार गरिनु पर्छ र यसलाई निरन्तरता दिइनुपर्छ । अपाङ्गता भएका महिलाका लागि छुट्टै रूपमा आरक्षणको व्यवस्था गर्नु पनि आवश्यक छ। उनीहरू रोजगारीको सन्दर्भमा ऐतिहासिक रूपमा नै सीमान्तकृत भएकाले समान स्तरमा आउन समय लाग्नेछ।

**सुझाव ४: बैंक तथा वित्तीय सेवामा थप पहुँचको सुविधा प्रदान गर्ने।**

कतिपय बैंकले अपाङ्गता भएका व्यक्तिका खाता सजिलै खोल्छन्। केही बैंकले भने त्यस्ता व्यक्तिका लागि विभिन्न सुविधामा रोक लगाएका हुन्छन्। धेरैजसो अवस्थामा दृष्टिविहीनहरूका लागि एटीएमहरू उपलब्ध गराइँदैनन्, जबकि एटीएमले डिजिटल सेवालाई ग्राहकमैत्री बनाउँछन्। दृष्टिविहीन अमैत्री एटीएम सेवाहरूले उनीहरूको डिजिटल सेवा प्रयोगमा

रोक लगाउँछन्।

**सुझाव ५: अझ बढी सिपमूलक क्षमता अभिवृद्धि गर्न, विशेष गरी डिजिटल प्लेटफर्महरूको प्रयोगमा सहयोग गर्न प्रशिक्षण आवश्यक छ।**

छोटो अवधिमा सीमित एक पटक मात्रै दिइएको तालिम मानिसलाई दक्ष बनाउन पर्याप्त हुँदैन। सिपमा आधारित तालिम सजिलै पहुँचयोग्य र पटक पटक दिइने खालको हुनुपर्छ। डिजिटाइजेसन प्रक्रिया युवा महिलासहित धेरै अपाङ्गता भएका व्यक्तिहरूको लागि निकै उपयोगी छ। यस माध्यमबाट दृष्टिविहीन व्यक्तिहरू आफैंले अनलाइन फारम भर्न र विभिन्न कागज/दस्तावेज डाउनलोड गर्न सक्छन्। अपाङ्गता भएका युवा महिलाको रोजगारीको अवस्था सुधार गर्न तथा प्राविधिक उपकरणहरूको प्रयोगबाट लाभ लिन यो निकै सान्दर्भिक छ। प्राप्त नतिजाअनुसार धेरै उत्तरदाताले तालिम प्राप्त गरेका तर सुहाउँदो बजार-आधारित सिप प्राप्त गरेका छैनन्। यसबाट के देखिन्छ भने सरकार र गैरसरकारी संस्थाहरूले प्रदान गर्ने सिप परम्परागत भन्दा पनि बजार मागमा आधारित हुनुपर्छ।

**सुझाव ६: स्थानीय सरकारको क्षमताको समीक्षा गर्दै अपाङ्गता भएका युवा महिलाहरूको रोजगारीमा सुधार गर्ने काममा स्थानीय सरकारलाई सहयोग गर्ने।**

विभिन्न तहमा प्रत्येक प्रदेश तथा स्थानीय सरकारमा प्रभावकारी रूपमा कानुनी प्रावधानहरू लागू गर्न संस्थागत क्षमताको कमी रहेको र धेरै हदसम्म त्यस्ता प्रावधानहरूको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्न आवश्यक प्राविधिक दक्षता, उपकरण र प्रणालीगत संरचनाको अभाव पाइयो। अपाङ्गता भएका महिलाहरूको अधिकारका मुद्दामा सार्वजनिक कार्यालयका कर्मचारीहरू (विशेष गरी कानुन प्रवर्तन, न्याय, स्वास्थ्य र शिक्षा क्षेत्र) मा महत्त्वपूर्ण क्षमताको कमी पाइयो।

**सुझाव ७: सबै सरोकारवालाहरू समावेशी शिक्षा, सबैका लागि समान अवसर र अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी नीतिसम्बन्धी राष्ट्रिय कानून र कार्ययोजनाहरूको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने क्षमता अभिवृद्धि गर्न केन्द्रित हुनुपर्छ।**

रोजगारीका अवसरहरूको सन्दर्भमा यसलाई अवसरहरू सिर्जना गर्नेसम्म मात्र नबुझी यस सम्बन्धमा नीतिगत प्रावधानहरू अभ्यास भइरहेको सुनिश्चित गर्नेसम्म बुझिनु पर्ने हुन्छ। सरकारी र निजी दुवै क्षेत्रमा रोजगारीको अवस्थाको नियमित अनुगमन र मूल्याङ्कन आवश्यक छ। यसका साथै सहायक उपकरणहरू निकै महङ्गा र अपाङ्गता भएका महिलाहरूले सहजै प्रयोग गर्न सक्नेसम्म किफायती छैनन् त्यसैले यस दिशामा सरकारी अनुदान आवश्यक छ।

**सुझाव ८: अधिक न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न नागरिक समाजका संघसंस्थाहरूले सामुदायिक नेतृत्व र सामाजिक परिचालनको दिशामा सहयोग अभिवृद्धि गर्नुपर्छ।**

अन्तर्वार्तामा सरकारी प्रतिनिधि र सरोकारवाला स्थानीय युवाहरूलाई समुदायमा परिवर्तनका संवाहकको रूपमा काम गर्ने क्षमतासँगै उनीहरूलाई सामुदायिक विकास प्रक्रियामा सक्रिय सरोकारवालाको रूपमा संलग्न गराउन इच्छुक रहेको देखिएको छ। तसर्थ एक्सेस प्लानेटले नीति र तिनको कार्यान्वयनबीचको अन्तरलाई सम्बोधन गर्न समुदायका युवाहरूको सहयोग लिई सामुदायिक संलग्नता संयन्त्र विकास गर्ने दिशामा ध्यान केन्द्रित गर्न सक्छ।

**सुझाव ९: नेपालमा विद्यमान नीतिगत अस्पष्टता लगायतका मुद्दाहरूलाई सम्बोधन गर्न राजनीतिक इच्छाशक्ति र प्राथमिकता नितान्त महत्त्वपूर्ण छ। तसर्थ एक्सेस प्लानेट र नागरिक समाजका अन्य संगठनहरूले पनि विभिन्न स्तरबाट यस दिशामा स्थानीय, प्रादेशिक र केन्द्रीयजस्ता विविध तहको राजनीतिक नेतृत्वलाई संलग्न गर्नुपर्छ।**

**सुझाव १०: दुर्गम क्षेत्रहरूमा बसोबास गर्ने अपाङ्गता भएका महिलाहरू र अति विपन्न समूहका महिलाहरू छुट्न सक्ने प्रबल सम्भावना हुन्छ। प्रत्येक पटक सम्भावित लाभार्थी र लक्षित समूहको गम्भीर नक्साङ्कन गरिनु आवश्यक हुन्छ।**

**सुझाव ११: सामाजिक रुढीवादहरू परिवर्तन गर्न जनचेतनाले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। धेरैजसो अवस्थामा भेदभाव र सामाजिक रूढीवादका कारण अपाङ्गता भएका युवा महिलाहरूमा आत्म-सम्मानको कमी रहेको पाइन्छ।**

सर्वेक्षणमा सहभागी उत्तरदाताहरूले अनुसन्धान टोलीलाई टिपोट गर्न भनेका सिफारिस र सुझावको सूची:

- अपाङ्गता भएका व्यक्तिहरूलाई राम्रा अवसर प्रदान गर्न सामुदायिक स्तरमा जागरुकता आवश्यक छ।
- सरकारले देशका सबै नागरिकलाई रोजगारीका अवसर उपलब्ध गराउने नीति ल्याउनु पर्छ।
- वर्तमान अवस्थामा अधिकांश मानिस बेरोजगार छन् र रोजगारीको क्षेत्रमा उच्च प्रतिस्पर्धा छ। यस्तो अवस्थामा अपाङ्गता भएका व्यक्तिले रोजगारीको अवसर कम पाउँछन्। अपाङ्गता भएका व्यक्तिहरूको केही अंश रोजगारीमा संलग्न भए पनि सरोकारवालाहरूले बहुसङ्ख्यक अपाङ्गता भएका व्यक्तिहरूको दृष्टिकोणबाट हेर्नुपर्छ।
- निजामती सेवा प्रवेश परीक्षा प्रणाली वास्तवमै अपाङ्गमैत्री छैन । निजामती सेवाका प्रयोगात्मक परीक्षामा अपाङ्गता भएका महिलाले समेत अपाङ्गताविहीन व्यक्तिको रूपमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ। ती परीक्षाको समयसीमा अन्य व्यक्ति र अपाङ्गता भएका व्यक्तिहरूका लागि एक समान छ।
- रोजगारीको तयारीका लागि उपलब्ध कोचिङ र तयारी कक्षाहरू धेरै महँगा छन् र कक्षाहरू अपाङ्गता अनुकूल छैनन्। यससम्बन्धी केही सामग्री युट्युबमा उपलब्ध छन्, तर तिनीहरूको प्रामाणिकताबारे शङ्का छ।
- अपाङ्गता भएका युवा महिलाहरूका लागि घरमै गर्न सकिने सीपमूलक तालिम र डिजिटल प्लेटफर्ममा आधारित बजार व्यवस्थापन सिपहरू प्रवर्द्धन गरी तिनीहरूको स्वरोजगारमूलक व्यवसायलाई प्रवर्द्धन गर्नुपर्छ।
- सरकारले अपाङ्गतामैत्री पूर्वाधार निर्माण गर्ने नीति ल्याउनुपर्छ ।
- अपाङ्गता भएका महिलाहरूले आफ्नो करियरको लक्ष्य तय गर्नु, कडा परिश्रम गर्नु र उक्त लक्ष्य प्राप्त गर्न लगनशील हुनुपर्छ। उदाहरणका लागि, यदि केही संस्थाहरूले अपाङ्गता भएका महिलाहरूका लागि रिक्त पदहरूमा विज्ञापन गर्छन् भने त्यहाँ छनौट गर्नका लागि उपयुक्त दक्षता भएका पर्याप्त उम्मेदवार हुनु आवश्यक हुन्छ। तसर्थ अपाङ्गता भएका युवा महिलाका लागि शिक्षा मात्र होइन, उनीहरूले आफ्नो सिप अभिवृद्धि गर्नतर्फ पनि ध्यान दिनुपर्छ।
- धेरैजसो उत्तरदाता दिगोपनका लागि दीर्घकालीन र स्थायी प्रकृतिका रोजगारीमा ध्यान केन्द्रित गर्न सुझाव दिन्छन्।
- साँघुरो संरचनात्मक परिवेशमा अनुकूलन हुन तथा त्यसलाई चुनौती दिन अपाङ्गता भएका युवा महिलाहरूको क्षमता अभिवृद्धि गरिनुपर्छ जसका लागि संरचनात्मक प्रणालीमा सुधार गरिनु पनि आवश्यक छ ।
- सरकारका साथै बहुपक्षीय र ठूला संस्थाहरूले आफ्ना कार्यालयमा अपाङ्गता स्रोत व्यक्ति र एकाइ राख्न आवश्यक छ। यस सम्बन्धमा सरकारले आफ्नै संरचना बनाउनुपर्छ ।
- गैरसरकारी संस्थाहरू आदर्श प्रारूप (Role model) बन्न सक्छन्। तिनीहरूका आफ्नै सीमाहरू भए तापनि उनीहरूले अपाङ्गता भएका युवा महिलाहरूका लागि समावेशीकरण र सहभागिताका उदाहरण प्रस्तुत गर्न सक्छन्।
- आइएनजीओ, एनजीओ वा सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिँदा कार्यस्थलमा अपाङ्गतामैत्री वातावरण कसरी सृजना गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ।
- उत्तरदाताहरूले नीति निर्माण गर्दा वा तिनको कार्यान्वयन गर्दा होसियार हुनुपर्ने सुझाव पनि दिएका छन्। अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी राम्रो उत्पादन अवसरसँग जोड्न सकिन्छ, उनीहरूद्वारा उत्पादित वस्तुहरूको बजारीकरण गर्न वा कम्तीमा एक-दुई जना अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी स्थानीय संस्थाहरूमा रोजगारीका अवसर उपलब्ध गराउन सकिन्छ भन्ने दिशामा काम गर्न सकिन्छ।

# सन्दर्भ सामग्री सूची

Al Ju'beh, (2015). Disability Inclusive Development Toolkit. Retrieved From https://www.cbm.org/fileadmin/user_upload/Publications/CBM-DID-TOOLKIT-accessible.pdf. Accessed on 2021 August 21.

Central Bureau of Statistics. 2012. National Population and Housing Census 2011 (National Report). Volume 1. Kathmandu. Retrieved from https://cbs.gov.np/national-population-and-housing-census-2011national-report/. Assessed on 2021 May 29.

Devkota, S. P. and Bagale, S. 2015. Primary Education and Dropout in Nepal. Journal of Education and Practice. 6(4). 153-157.

Eide, A. H.; Neupane, S.; and Hem, K-G. (2016). Living conditions among people with disabilities in Nepal. Retrieved from https://www.sintef.no/en/publications/publication/1431820/. Accessed on 2021 August 20.

Government of Nepal. 2017. The Act Relating to Rights of Persons with Disabilities, 2074 (2017). Accessed from https://www.lawcommission.gov.np/en/wp-content/uploads/2019/07/The-Act-Relating-to-Rights-of-Persons-with-Disabilities-2074-2017.pdf. Accessed on 07 May 2021

Government of Nepal. 2015 The constitution of Nepal 2015. Retrieved from https://constitutionnet.org/vl/item/constitution-nepal-2015-official-english-translation-ministry-law-justice-and-parliamentary. Accessed on 07 May 2021.

Government of Nepal. 2039. Protection and Welfare of the Disabled Persons Act, 2039 (1982) ; Retrieved from https://www.lawcommission.gov.np/en/archives/category/documents/law-archives/statutes-acts-law-archives/protection-and-welfare-of-the-disabled-persons-act-2039-1982. Accessed on 07 May 2021.

Ministry of Social Development. 2020. Disability Prevention and Rehabilitation Program Directive (DPRP) 2077. Province 1 Biratnagar. Retrieved from http://mosd.p1.gov.np/node/620. Accessed on 2021 May 29.

Ministry of Finance. 2021. Budget Speech of 2021/22 (Unofficial Translation). Retrieved from https://www.mof.gov.np/uploads/document/file/Budget%20Speech%20 2020_20201118033431.pdf . Accessed on 2021 May 29.

Ministry of Finance. 2020. Budget Speech of 2020/21. Retrieved from https://www.mof.gov.np/uploads/document/file/Budget%20Speech%202020_20201118033431.pdf. Accessed on 2021 May 08.

Ministry of Finance. 2019. Budget Speech 2019/20. Retrieved from https://www.nepalindata.com/media/resources/items/17/bBudget_Speech_2019_20_English.pdf. Accessed on 2021 May 08.

Mitra, S. (2006). The Capability Approach and Disability. Journal of Disability Policy Studies. 16(4). 236-247.

National Planning Commission. 2020. 15th Three Year Plan (Fiscal Year 2076/77- 2080/81). Retrieved from https://www.npc.gov.np/images/category/15th_Plan_Final1.pdf. Accessed on 2021 May 08.

National Planning Commission. 2016. 14th Three Year Plan (Fiscal Year 2073/74- 2075/76). Retrieved from https://www.npc.gov.np/images/category/14th-plan-full-document.pdf. Accessed on 29 May 2021.

Nepal Rastra Bank. 2020. Monetary Policy for 2020/21 (Unofficial Translation). Retrieved from https://www.nrb.org.np/contents/uploads/2020/09/Monetary-Policy-2020_21-Full-Text-English-Version.pdf. Accessed on 08 May 2021.

Nepal Rastra Bank. 2019. Monetary Policy for 2019/20 (Unofficial Translation. Retrieved from https://www.nrb.org.np/contents/uploads/2020/04/Monetary_Policy_in_English-2019-20_Full_Text-new.pdf. Accessed on 08 May 2021.

Prasai. A. 2017. Employment for Persons with Disabilities: A Discussion on Barriers Achievements and Opportunities. Retrieved from https://www.nfdn.org.np/uploads/documents/papers/Disability_and_Employment_NFDN_July_2017.pdf. Accessed on 08 May 2021.

The UN Convention on the Rights of Persons with Disabilities (UNCRPD). 2006. Conventions on the Rights of Persons with Disabilities and Optional Protocols. Retrieved from https://www.un.org/disabilities/documents/convention/convoptprot-e.pdf. Accessed on 07 May 2021

UNICEF, UNESCO Institute for Statistics and Government of Nepal. 2016. Global Initiatve on Out-of-School Children: Nepal Country Study. Retrieved from https://www.unicef.org/nepal/sites/unicef.org.nepal/files/2018-07/All%20children%20in%20school-report%202016.pdf. Accessed on 2021 August 27.

World Health Organizations and The World Bank. (2011). World Report on Disability. Retrieved from https://www.who.int/disabilities/world_report/2011/report.pdf. Accessed on 2021 August 15.